मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १६३ | २०८० साल वैशाख १२ गते मंगलबार | Tuesday 25, Apr. 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

## बारामा उपेन्द्रको फराकिलो अग्रता
### चितवन र तनहुँमा रास्वपा अगाडि

बारा निर्वाचन क्षेत्र नं. २



**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
बारा-२, चितवन-२ र तनहुँ-१ मा भएको उपनिर्वाचनको मतगणना जारी छ । तनहुँमा आइतबार रातिबाटै मतगणना भएको थियो भने बारा र चितवनमा सोमबार मध्यान्हबाट मतगणना सुरु भएको हो ।
मतगणनामा बारामा गठबन्धनका उम्मेदवार उपेन्द्र यादव निकै अगाडि देखिएका छन् । चितवन र तनहुँमा भने राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को अग्रता कायमै छ ।
बारा-२ को उपनिर्वाचनको पछिल्लो मतपरिणामअनुसार गठबन्धनका उम्मेदवार जसपाका अध्यक्ष उपेन्द्र यादवको अग्रता कायमै छ । करैयामाई गाउँपालिका वडा नम्बर १,२,३,४ र सुर्वण गाउँपालिकाको ७ र ८ नम्वर वडाको ९ हजार ७८ मत गणनामा यादवले ३ हजार ७ सय ८१ मत प्राप्त गरेर फराकिलो अग्रता कायम गरेका हुन् ।
उनलाई जनमत पार्टीका शिवचन्द्र कुशवाहाले २ हजार ९ सय ८१ मतले पच्छ्याइरहेका छन् भने एमालेका पुरुषोत्तम पौडेलले १ हजार ६ सय ४० मत प्राप्त गरेका छन् । त्यस्तै, रास्वपाका रमेश खरेलले ७ सय ८ मत प्राप्त गरेका छन् भने आम जनता पार्टीका अरुण ज्ञवालीले २ सय ७९ मत प्राप्त गरेका छन् ।

## चितवनमा लामिछानेको तेब्बर अग्रता

**मधेशदृष्टि**
**चितवन, ११ वैशाख ।**
चितवन-२ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार रवि लामिछाने तेब्बर मतले अग्रता कायम गरिरहेका छन् ।
पछिल्लो मतपरिणामअनुसार लामिछानेले १२ हजार ५ सय ४० मत प्राप्त गर्दा एमालेका उम्मेदवार रामप्रसाद न्यौपानेले ३ हजार ५ सय ७३ मत प्राप्त गरेका छन् । त्यस्तै, कांग्रेसका जितनारायण श्रेष्ठले ३ हजार ५ सय ५५ मत प्राप्त गरेका छन् ।



### तनहुँमा वाग्ले जितको नजिक

तनहुँ क्षेत्र नम्बर १ को प्रतिनिधि सभा सदस्यको उपनिर्वाचनको मतगणना रातभर हुनेछ ।
राति यो समाचार तयार पार्दासम्म गणना भएको ४२ हजार मतगणनामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उम्मेदवार स्वर्णिम वाग्लेले अग्रता कायमै राखेका छन् । उनले २४ हजार ४ सय ६ मत प्राप्त गरेका छन् । - *बाँकी पृष्ठ ६ मा*

## फ्लाइ दुबईको विमान गन्तव्यमा


**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
काठमाडौंको आकाशमा उडिरहेको फ्लाइ दुबईको जहाजमा देखिएको खराबीलाई
- *बाँकी पृष्ठ ६ मा*




## कर्मचारी र जनप्रतिनिधिकै मिलेमतोमा ६० हेक्टर वन बिक्रीवितरण

*'सर्वोच्च अदालतका न्यायाधीश डा. कुमार चुडालको एकल इजलाशबाट चैत २९ गते निवेदक सेवानिवृत्त वन कर्मचारी शशिकान्त ठाकुरको संरक्षित वन क्षेत्रभित्र अनधिकृतरुपमा अतिक्रमण भइरहेको रिट निवेदनमा अन्तिम सुनुवाई नभएसम्म कसैले अतिक्रमण गर्न गराउन नपाउने गरी अन्तरिम आदेश जारी भएको हो'*

**विकास अग्रवाल**
**पर्सा, ११ वैशाख ।**
वन कर्मचारीको मिलेमतोमा पर्साको ६० हेक्टर वन अतिक्रमणमा परेको रहस्य खुलेको छ । पर्साको सखुवापर्सौनी गाउँपालिकास्थित मनवा सखुवनिया वन क्षेत्रको ६० हेक्टर जग्गामा वन कर्मचारीकै मिलेमतोमा स्थानीयले धमाधम घर निर्माण गर्न थालेपछि यस्तो रहस्य खुलेको हो । वन कर्मचारी तथा गाउँपालिकाका जनप्रतिनिधिको मिलमेमतोमा स्थानीयले जग्गा खरीदबिक्री गरी धमाधम पक्की घर निर्माण गर्दै बस्ती नै बस्दै गएको देखिन्छ । वडा नम्बर १ मा रहेको वन क्षेत्रमा मानव बस्ती बस्दैछ, खेतीबारी पनि खनजोत भइरहेको छ । सरकारको स्वामित्वको वनक्षेत्रलाई वन कर्मचारी तथा गाउँपालिकाले बिक्री वितरण गर्दै मानव बस्ती बसाइएको स्थानीयले बताए । बाहिरका व्यक्ति तथा सुकुम्बासीलाई प्रति कठ्ठा चार लाख रुपैयाँका दरले वनक्षेत्रको जग्गा बिक्री गरिएको छ । पहिला चारैतर्फ हरियो रुखले ढाकेको वन बिरानो बन्दै गएको स्थानीय अमर आलेले बताए । उनले भने, 'वन कर्मचारी र गाउँपालिका मिलेर वनको जग्गा बिक्री भएको छ, अन्यन्त्र जिल्लाबाट आएका व्यक्तिले वनको जग्गा खरीद गरी बसोबास गरिरहेका छन् ।' त्यहाँ बसोबास गरेकाहरुले पक्की घर निर्माणसँगै चौपाया पालनदेखि खेतीपाती गरेका छन् । जग्गामा धान, मकै, तोरीलगायतका बालीनाली लगाउन थालिएको छ । घरैपिच्छे स्थानीयले चौपायासमेत पालन गरिएको छ । विगत एक वर्षदेखि वनक्षेत्रभित्र जग्गा खरीदबिक्री भइरहेको एक स्थानीयले बताए । उनले भने, 'छरछिमेक, वडाका व्यक्ति गए डरत्रास देखाइ भगाउने गरिएको छ ।'



### अतिक्रमित क्षेत्र खाली गराउन ६५ लाख भ्रवाम

अतिक्रमित मनवा वन क्षेत्रको जग्गामा वृक्षारोपण गर्ने उद्देश्यले डिभिजन वन कार्यालय पर्साले ६५ लाख रुपैयाँ खर्चसमेत गरेको छ । अतिक्रमण हटाइ वृक्षारोपण तथा व्यवस्थापन र चुरे क्षेत्रमा भूक्षय तथा पुनरुत्पादनका लागि संवेदनशील 'हटस्पट' पहिचान गरी जैविक विविधता संरक्षण र वृक्षारोपणलगायतको कार्य गर्न डिभिजन वन कार्यालय पर्साले आव २०७७/७८ मा कर्मचारीकै नाममा ६५ लाख ७५ हजार रुपैयाँ भुक्तानी दिएको हो ।
उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको डिभिजन वन कार्यालय पर्साले २०७७ माघ ११ गते सब डिभिजन
- *बाँकी पृष्ठ ६ मा*

### १२ जनाविरुद्ध सर्वोच्चको अन्तरिम आदेश

पर्साको मनवा सखुवनिया वन क्षेत्रको जग्गा अतिक्रमण भएको पुष्टि गर्दै नयाँ संरचना निर्माण नगर्न सर्वोच्च अदालतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारसहित १२ जनामाथि अन्तरिम आदेश जारी गरेको छ । स्थानीय तथा सेवानिवृत्त वन कर्मचारी शशिकान्त ठाकुरले वनको जग्गा अतिक्रमण भएको तथा सम्बन्धित कायार्लयकाे मिलेमतो देखिएको भन्दै प्रधानमन्त्री, मधेशप्रदेशकामुख्यमन्त्री कार्यालयसहित ११ निकायलाई दोषी बनाइ दायर गरेको रिटमा सुनुवाई गर्दै अदालतले अन्तरिम आदेश जारी गरेको हो ।
सर्वोच्च अदालतका
- *बाँकी पृष्ठ ६ मा*

## उद्योगमा देखिएको समस्याबारे उद्योगमन्त्रीलाई ध्यानाकर्षण

*'प्रहरीले दुःख नदियोस्, सिमेन्ट उद्योगले भारतबाट प्रमाणपत्र पाउन समस्या छ, भारतले फाल्ने बस्तु ल्याउँदा पनि कर तिर्नु परेको छ, दुई वर्षसम्म जग्गाको भाडा ५० प्रतिशत घटोस्, सिमेन्ट निर्यातको ८ प्रतिशत तुरुन्तै फिर्ता होस्'*

**हरिशंकर शर्मा**
**वीरगंज, ११ वैशाख ।**
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री रमेश रिजालले वीरगंज उद्योग वाणिज्य संघको टोलीसँग विशेष छलफल गरेका छन् । उद्योगमन्त्री रिजालको आकस्मिक निमन्त्रणामा काठमाडौं पुगेका संघका अध्यक्ष अनिल अग्रवाल, वरिष्ठ उपाध्यक्ष हरि गौतम, उपाध्यक्ष माधव राजपाल, कोषाध्यक्ष शिवजी कलवारसहितको टोलीले मन्त्री रिजालसहित मन्त्रालयका सचिव, महानिर्देशक, संघीय मामिला मन्त्रालयका उपसचिव, वन मन्त्रालयका उपसचिवसँग वीरगंज-पथलैया औद्योगिक क्षेत्रमा देखिएको समस्या र यसको दीर्घकालीन समाधानबारे छलफल गरिएको थियो ।
छलफलमा वीरगंज-पथलैया क्षेत्रलाई औपचारि करुपमा औद्योगिक करिडोर घोषणा, त्यसको सुविधा उपलब्ध गराउन, सिर्सिया नदी प्रदूषण रोक्न मन्त्रालयबाट हुने पहल, उद्योगहरुमा लाग्ने सम्पत्ति कर न्यूनीकरण, अनुदान फिर्तामा सहजता, उद्योग क्षेत्रलाई सुरक्षा प्रदान, निर्यातलाई प्रोत्साहन, ड्युटीका नाममा संकलन गरिने कार्य रोक्नेलगायतका विषयमा उद्योगमन्त्री रिजाललाई ध्यानाकर्षण गराइएको अध्यक्ष अनिल अग्रवालले जानकारी दिए ।
उनका अनुसार, सिर्सिया नदी प्रदूषण रोक्न मन्त्रालयस्तरीय टोली गठन गरी स्थलगत अनुगमनसँगै डिपिआर तयार गर्न तुरुन्तै प्रक्रिया अगाडि बढाइने मन्त्रालयबाट निर्णय भएको अग्रवालले जानकारी दिए । उनले सहरी विकास मन्त्रालयको संलग्नता गराएर बजेट छुट्याएर यो कार्य अगाडि बढाइने निर्णय समेत भएको जानकारी दिए । विगत तीनदशकअघिदेखि औद्योगिक करिडोरको समस्या समाधानको पहल गर्न यसपटक पहल हुनेमा आफूहरु विश्वस्त रहेको अग्रवालको भनाइ छ ।
उद्योगका समस्याबारे मन्त्रालयमा उद्योग वाणिज्य संघको टोलीले पटकपटक जानकारी गराउँदासमेत कुनै ठोस पहल नभएकाले यो समस्या दिनप्रतिदिन बढ्दै गएको अवस्थामा हाल उद्योगमन्त्री रिजालले यसबारे आफैं चासो लिएको र उद्योगीलाई बोलाएर समस्याबारे छलफल गरिएकाले यसपटक उद्योगको समस्या केही हदसम्म अन्त्य हुने विश्वास लिइएको अग्रवालको भनाइ छ । उद्योगमा लगाइएको सम्पत्ति करको विषयमा पनि छलफल गरिएको अग्रवालको बताए । उद्योगहरुमा सम्पत्ति कर लागू नहुने कानुनी व्यवस्था रहेकामा यहाँका उद्योगहरुमा लागू गरिएको सम्पत्ति कर हटाउन औपचारि करुपमा औद्योगिक करिडोर घोषणा हुनुपर्ने उद्योगीको माग थियो ।
विगत चारदशक पहिलादेखि यस क्षेत्रमा उद्योग स्थापना भएका हुन्, तर अहिले आएर विभिन्न समस्या उत्पन्न भएकाले दीर्घकालीन समाधान गर्दै अगाडि बढ्नुपर्ने र उद्योग प्रवर्द्धन गर्नुपर्ने उद्योगी व्यवसायीको सुझाव थियो । राज्यलाई उद्योग पनि चाहिन्छ, उद्योग बन्द गरेर समस्या समाधान हुँदैन, त्यसैले उद्योगमा देखिएका समस्या दीर्घकालीन समाधानमा मन्त्रालयले पहल गरिदिनुपर्ने
- *बाँकी पृष्ठ ६ मा*



SAURABH GROUP
सर्वोत्तम स्टील
VACANCY ANNOUNCEMENT
**Sarbottam Steel**, one of the Nepal's popular name in the manufacture of high-quality TMT rebars, and one of the trusted brand under Saurabh Group, is looking to add capable candidates in the below mentioned position to its team of highly efficient and diligent workforce.
**Position: Sales Officer**
- Birgunj
**Requirement**
- Candidates should be BBS/BBA passed or running.
- Candidates should be from the same district or city where the job is being applied to, and should be able to handle pocket areas.
- Candidates must possess general geographical and local area knowledge.
- Freshers with little bit knowledge in sales and marketing is also accepted.
**Facilities**
- Salary - negotiable
- Allowance - bike / lunch / fuel
If you think you meet the above criteria, and are willing to grow and learn while contributing toward the overall growth of the company, please send your updated CV along with cover letter at: **tulasi.regmi@saurabhgroup.com** or **hr@saurabhgroup.com**
सर्वोत्तम स्टील लिमिटेड
CORPORATE ADDRESS
Neupane Tower, 2nd Floor, Tinkune, Ph: 01-4117506/03

# प्रादेशिक अस्पतालमा कोभिडका नाममा ६२ करोड लुट

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
कोभिड-१९ रोकथाम तथा व्यवस्थापनका नाममा मधेश प्रदेशमा लुट नै मच्चिएको पाइएको छ। कोभिड-१९ महामारीको पहिचान, रोकथाम तथा उपचारका लागि आवश्यक सामग्री खरीदका नाममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गत प्रादेशिक अस्पतालदेखि विभिन्न निकायले रकम खर्च गरे पनि कहाँ खर्च गरिएको बारे विवरण राखेका छैनन् ।

महालेखा परीक्षकको कार्यालयले सार्वजनिक गरेको प्रदेशको पाँचौ प्रतिवेदनमा गत आर्थिक वर्ष २०७८/७९ मा मधेश प्रदेश सरकारले ४५ करोड ६३ लाख रुपैयाँ र जिल्ला विपद् व्यवस्थापन समितिमार्फत ५ करोड ८० लाख रुपैयाँ प्रादेशिक अस्पतालले पाएको छ । तर त्यो रकम कहाँ र कुन शीर्षकमा खर्च गरिएकोबारे विवरण उपलब्ध नगराएकाले विश्लेषण गर्न नसकिएको महालेखाले भनेको छ ।

प्रदेश सरकारले स्वास्थ्य क्षेत्रमा गत आवमा एक अर्ब ८० करोड २८ लाख ६४ हजार रुपैयाँ विनियोजन गरेको छ । क्वारेन्टाइन व्यवस्थापन खर्च संघीय सरकारबाट भए पनि प्रदेश सरकारबाट ८ वटै जिल्ला प्रशासन कार्यालयलाई ७ करोड रुपैयाँ निकासा, विद्यालयमा प्रत्येक विद्यार्थीवापत दुई सयका दरले र प्रत्येक स्थानीय तहलाई १० लाख रुपैयाँको दरले कोभिड नियन्त्रणका नाममा दिइए पनि खर्च




स्रोतको अभिलेख र प्रगति विवरण कुनै निकायले उपलब्ध नगराएको महालेखाको प्रतिवेदनमा उल्लेख छ।

प्रतिष्ठानको मुजेलियास्थित मणिपालमा कोभिड अस्पताल सञ्चालन गर्न भवन, मर्मत, मेडिकल उपकरण तथा अन्य सामग्री एक निजी कम्पनीलाई एक करोड ५९ लाख ९३ हजार रुपैयाँको सामग्री मात्र बुझाउँदै प्रदेश सरकारबाट २ करोड ५३ लाख ३३ हजार भुक्तानी गरिएको छ । खानेपानी, व्यवस्थापन, विद्युत् व्यवस्थापन, सेनिटाइजरलगायतको खर्चमा विना बिल भर्पाईकै १९ लाख ४८ हजार रुपैयाँ भुक्तानी गरिएको छ।

प्रतिष्ठानले कोभिड अस्पतालमा अक्सिजन प्लान्ट दुई थान खरीद गर्न एक निजी कम्पनीलाई ११ दिनमा सामान दिने गरी १ करोड ४६ लाख ९० हजार रुपैयाँ सामान प्राप्त नगर्दै भुक्तानी गरेको छ । पछि सामान प्राप्त भए पनि हाल त्यो खुला आकाशमुनि प्रयोगविहीन अवस्थामा छ । 'अक्सिजन प्लान्टको उपयोग हुनुपर्‍यो,' महालेखाले सुझाव दिएको छ । संघीय सरकार समेतले १० करोड रुपैयाँ प्रादेशिक अस्पतालमा अक्सिजन प्लान्टका लागि निकासा गरेको छ। तर त्यसको कुनै हरहिसाब अस्पतालसँग नरहेको बुझिएको छ।

मणिपालस्थित कोभिड अस्पतालको अक्सिजन भ्याकुमलगायतका ३७ प्रकारको उपकरण खरीद तथा जडानका लागि एक निजी कम्पनीलाई ९५ लाख १२ हजार रुपैयाँ भुक्तानी गरेको छ। सो कार्यका लागि ५ दिनको मात्र अवधि बोलपत्र आह्वान गरी २४ दिनपछि एकमात्र बोलपत्र पेश भएकालाई ९८ लाख ८३ हजार रुपैयाँमा सम्झौता गरी रकम भुक्तानी गरिएको हो । विशेष परिस्थिति भनिए पनि २४ दिनपछि एकमात्र बोलपत्रमा सम्झौता गरिएको कानुनसम्मत नमिलेको भन्दै आफूअनुकुल कम्पनीसँग कारोबार गरिएको महालेखाको भनाइ छ।

प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्था केन्द्रबाट क्वारेन्टिनमा बस्ने व्यक्तिको लागि खाद्यान्न, टिसर्ट, तौलिया लगायतका सामग्री खरीदमा मात्रै १ करोड ८८ लाख ८० हजार रुपैयाँ खर्च देखाइएको छ। तर क्वारेन्टिनमा बस्ने व्यक्तिको अभिलेख नहुँदा खर्च रकम यकिन गर्न नसकिएकाले अभिलेख पेश गर्न महालेखाले भनेको छ।

प्रदेश सरकारबाट प्रदेश भित्रका १४ अस्पताललाई ५ लाखका दरले ७० लाख रुपैयाँ र प्रादेशिक अस्पताललाई ८५ लाख रुपैयाँ औषधि र अक्सिजनलगायतका सामग्री खरीदका लागि दिइएको छ । तर ती रकम खर्चको विवरण र उपयोग स्थिति विवरण उपलब्ध नभएको कारण महालेखाले विश्लेषण गर्न सकेको छैन । यी बाहेक अन्य कोभिडमा खटेका चिकित्सक तथा कर्मचारीले अझै तलब पाउन सकेका छैनन् । उनीहरु तलब माग गर्दै प्रदेश सरकार कहाँ धाइरहेका छन् । कोभिड अस्पतालमा खटेका चिकित्सक, स्वास्थ्यकर्मी र कर्मचारीसहितका ४८ जनाको ३४ दिनको तलब र १ सय ५४ दिनको जोखिम भत्तासहित एक करोड रुपैयाँ भन्दा बढी रकम बाँकी छ । उच्च अदालत समेतले गएको असार ७ गते तिनीहरुको तलब र भत्ता उपलब्ध गराउन अन्तरिम आदेश दिइसकेको छ। तर अहिलेसम्म उनीहरुले पाएका छैनन् ।

प्रतिष्ठानले ती स्वास्थ्यकर्मीलाई संघीय सरकारअन्तर्गत रहेको प्रादेशिक अस्पतालले खटाएको र हरहिसाब पुरानै कर्मचारीको मातहतमा रहेको भनी आफू दिन नसक्ने भन्दै आएका छन् भने प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले मन्त्रालयबाट रकम पठाइसकेकाले दिन नमिल्ने भन्दै आएका छ। केही दिनदेखि मन्त्रालयले बजेट व्यवस्थापन गरेर उपलब्ध गराउने भनी प्रतिबद्धता जनाउँदै आएको छ।

# चट्याङ लागेर ३ घाइते

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
सिन्धुलीको गोलन्जोर गाउँपालिकामा अविरल वर्षासँगै परेको चट्याङ लागेर ३ जना घाइते भएका छन् । गोलन्जोर गाउँपालिका-३ ओख्लेस्थित ५८ वर्षीया दुर्गाकुमारी भुजेलको घरमा चट्याङ परेको सिन्धुलीका एसपी राजकुमार सिलवालले जानकारी दिए। चट्याङ लागेर घाइते हुनेमा दुर्गा कुमारी भुजेल, उनकी बुहारी २८ वर्षीया हिराकुमारी भुजेल र ८ वर्षीय निकेश भुजेल छन् । दुर्गा कुमारीको धुलिखेल अस्पतालमा उपचार भइरहेको छ। हिराकुमारी र निकेश उपचार पछि घर फर्केका छन् । घर बाहिर राखिएको बिजुलीको मिटर बक्समा चट्याङ परेको प्रहरीले जनाएको छ।

# आगलागीमा करोडौँको क्षति

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
सिन्धुलीको कमलामाई नगरपालिका-२ स्थित चियाबारीमा भएको आगलागीमा करोडौ रुपैया बराबरको क्षति भएको छ । चियाबारीस्थित राजकुमार श्रेष्ठको घरमा सञ्चालित किराना पसलबाट सल्केको आगो अन्य होटल र टहरामा फैलिँदा ठूलो क्षति भएको छ । आगलागीबाट करिब १ करोड १६ लाख बराबरको क्षति भएको प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ । स्थानीय राजकुमार श्रेष्ठको घर, कौशल थापाले सञ्चालन गरेको होटल, योगबहादुर थापाले संचालन गरेको होटल र गंगाबहादुर थापाको होटल जलेको छ।

# कर्मचारीले बुझाएनन् सम्पत्ति विवरण

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीमध्ये ९ हजार ५ सय ९० जनाले सम्पत्ति विवरण बुझएको छैन । राष्ट्रिय सतर्कता केन्द्रले सोमबार अख्तियारमा प्रतिवेदन पेश गर्दै सम्पत्ति विवरण नबुझाउने कर्मचारीबारे जानकारी दिएका छन् । राष्ट्रिय सतर्कता केन्द्रका सचिव रविन्द्रनाथ श्रेष्ठले अख्तियारका प्रमुख आयुक्त प्रेमकुमार राईलाई सम्पत्ति विवरण बुझाउने र नबुझाउने पदाधिकारी र कर्मचारीको विवरण बुझाएका हुन् । निर्धारित समयमा सम्पत्ति विवरण नबुझाउने कर्मचारीलाई कारवाही हुने कानुनी व्यवस्था छ । निर्धारित समयमा सम्पत्ति विवरण नबुझाउने सार्वजनिक निकायका पदाधिकारी र कर्मचारीलाई ५ हजार रुपैयाँ जरिवाना हुने कानुनी व्यवस्था रहेको अख्तियारका प्रवक्ता (सह-सचिव) भोला दाहालले बताए।

# चौँरीको आलो रगत पिउनेको भीड

**गलेश्वर, ११ वैशाख ।**
मुस्ताङको थासाङ गाउँपालिका-२ बोक्सी खोलामा वैशाख ८ गतेदेखि सुरु भएको चौँरीको आलो रगत पिउने मेलामा भीड लागेको छ। याक र चौंरीबाट आलो रगत निकालेर पिउने मानिसको भीड बढेको हो ।

मेलामा मुस्ताडी भन्दा म्याग्दी, पोखरा, चितवन, नवलपरासी, तनहुँ, पर्वत, बुटवल, काठमाडौँबाट आउने धेरै छन् । रोग सञ्चो हुने विश्वासमा बच्चा, बिरामी, वृद्धसमेत बोक्सी खोलामा आएका स्थानीय गोविन्द शेरचनले जानकारी बताए । हिमाली खर्कमा चरेका चौँरीहरूले पाँचऔंले, निरमसी, जटामसी, यार्सागुम्बाजस्ता जडीबुटी खाने हुँदा त्यसको रगत सेवनले मानिसको पेटसम्बन्धी रोग निको हुने विश्वासले मानिस चौँरीको आलो रगत पिउन आउने गरेका स्थानीयले बताए।

'पहिले यसलाई चौँरीको रगत पिउने मेला मात्र भनिन्थ्यो, अहिले मेलाको रुपमा मात्र नलिएर प्राकृतिक चिकित्सा र चौंरीको स्वास्थ्यसँग पनि जोडेर हेरिएको छ,' स्थानीय नरबहादुर हिराचनले भने।

रगत निकाल्नाले चौँरी स्वस्थ हुने भएकाले वर्षमा दुई पटक चौँरीको शरिरबाट रगत झिक्ने र मानिसले पिउने गरेको धौलागिरि चौँरीपालन समूहमा आवद्ध गोविन्द शेरचनले जानकारी बताए । एउटा वयस्क चौंरीबाट ३० गिलाससम्म रगत निकाल्न सकिने स्वंयसेवक बताउँछन् ।

हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा, पाँचऔँले, जटामसीलगायत जडीबुटी खाएका चौँरीगाईको रगत पिएमा ग्याष्टिक, कमलपित्त, सुन्नेको र छालासम्बन्धी रोगसमेत निको हुने बढ्ने विश्वास गरिन्छ। पालो परेको गोठको चौँरी ल्याएर राखिन्छ मेलामा ।

जिउँदो चौँरीलाई नियन्त्रणमा लिई तालिम प्राप्त रगत निकाल्ने व्यक्ति (स्थानीय भाषामा आम्जी) ले चौँरीको घाँटीमा सुइरो (चापो) ले नशामा कोपेर रगत निकाल्ने गर्दछन् ।

रगत निकाली सकेपछि माटो वा गोबरले रगत निस्कने भाग टालेर चौँरीलाई छाडिन्छ । मुस्ताङमा पालिएका चौँरीको प्रत्येक वर्ष वैशाख र साउनमा गरी दुई पटकसम्म रगत पिउने मेला सञ्चालन हुँदै आएको छ । चौँरीको दूधबाट दही, घीउ, चिज र छुर्पी लगायतका परिकार बनाएर बिक्री गरिन्छ।

चौँरीको सिङलाई खच्चडको घाँटीमा झुन्ड्याइने घण्टीको रूपमा प्रयोग गरिन्छ भने पुच्छर धार्मिक पूजासोमबारामा चमरको रूपमा प्रयोग गर्ने गरिन्छ । चौँरीको मलमूत्र खेतबारीमा प्रयोग हुन्छ।

# निर्वाचन खर्च पेश गर्न आयोगको ताकेता

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
गत मंसिर ४ गते भएको प्रतिनिधि सभा र प्रदेश सभा सदस्य उम्मेदवारहरुलाई निर्वाचन खर्च विवरण बुझाउन निर्वाचन आयोगले पुनः ताकेता गरेको छ।

प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्य निर्वाचनमा भाग लिई निर्वाचन खर्चको विवरण पेश गर्ने ५ हजार ५६१ जना उम्मेदवारहरूलाई आफूले गरेको निर्वाचन खर्च सार्वजनिक गर्न भनेका छन् ।

खर्च विवरण सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयको सूचना पाटी, सम्बन्धित गाँउपालिका वा नगरपालिका वा वडा कार्यालयको सूचना पाटी, राजनीतिक दलको जुनसुकै तहको कार्यालय वा वेबसाइट (राजनीतिक दलको तर्फबाट उम्मेदवार भएका उम्मेदवारको हकमा), आमसञ्चार माध्यम (पत्रपत्रिका, रेडियो, टेलिभिजन आदि), सामाजिक सञ्जाल (फेसबुक, टिवटर, ईन्स्टाग्राम) बाट सार्वजनिक गर्न सक्ने र यसरी सार्वजनिक गरेको प्रमाण सहितको जानकारी सम्बन्धित उम्मेदवारहरूले आ-आफ्नो प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा दिनुपर्ने आयोगले जनाएको छ। निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र निर्वाचन खर्चको विवरण पेश सम्बन्धित जिल्ला निर्वाचन कार्यालयमा दिनुपर्ने प्रावधान छ।

सो अवधिमा २ हजार ३७३ प्रतिनिधि सभा सदस्य उम्मेदवार र ३ हजार १८८ प्रदेश सभा उम्मेदवार गरी जम्मा ५ हजार ५६१ उम्मेदवारले विवरण पेश गरेका थिए।

आयोगले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ३१ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण ७ दिनभित्र सार्वजनिक गरी सार्वजनिक गरेको जानकारी आफू उम्मेदवार भएको जिल्लाको प्रदेश/जिल्ला निर्वाचन कार्यालयमा पेश गर्न यही वैशाख ६ गते निर्णय गरेको थियो।

# एमालेलाई ३ संसदीय समिति दिने सहमति

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
संसदीय समितिको भागण्बडामा नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रबीच सहमति जुटेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा सोमबार दिउँसो बसेको तीन दलको बैठकमा टिआरसीबारे विशेष समिति गठन गर्ने र एमालेलाई तीन समितिको नेतृत्व दिने सहमति भएको बुझिएको छ।

संघीय संसदका २ विशेष समितिमध्ये एमालेले राज्यका निर्देशक सिद्धान्त अनुगमन तथा निर्देशन विशेष समितिको सभापति पाउने भएको छ । संसदीय सुनुवाई समितिको भने सभापति कांग्रेसले पाउने भएको छ । १५ सदस्यीय सुनुवाइ समितिमा कांग्रेस र एमालेबाट ४/४ जनाको सहभीगता रहने छ भने बाँकी ७ जनामा माओवादी, रास्वपा, राप्रपा, जसपा, एकीकृत समाजवादी लगायतका दलबाट प्रतिनिधित्व गर्नेछ।

१० वटा विषयतगत समितिमा सार्वजनिक लेखा समिति र थप एक समितिको सभापति पनि एमालेले पाउने सहमिति भएको एमाले संसदीय दलका प्रमुख सचेतक पदम गिरीले बताए । विपक्षीलाई पनि संसदीय समितिमा भागबण्डा दिएर नयाँ पद्धतिको विकास गरेको कांग्रेस संसदीय दलका प्रमुख सचेतक लेखकले बताए। उनका



अनुसार संघीय संसदका १२ वटा समिति मध्ये एमालेले तीन वटा समितिको नेतृत्व गर्ने छ।

'एमालेल एउटा संयुक्त र दुई वटा विषयगत गरी तीन वटा समितिको सभापति लिने भयो,' उनले भने, 'विपक्षीलाई पनि समिति बाढ्ने एउटा पद्धति विकास गरौं। एउटा लेखा पाउथ्यो नै अब दुईख वटा पाउने भयो।'

एमाले प्रमुख सचेतक गिरीका अनुसार संवैधानिक परिषद सम्बन्धी विधेयक सिधै संसदमा लगेर पारित गर्ने सहमति भएको छ । १५ सदस्यीय संसदीय विशेष समिति गठन गरेर टीआरसीको विषय टुंग्याउने सहमति भएको लेखकले बताए।

# घर तोडफोड प्रयासपछि प्रहरीद्वारा हवाई फायर

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
महोत्तरीको गौशालामा छोरीलाई विष सेवन गराएर हत्या गरेको भन्दै मृतककी पतिको घरमा आक्रमण गर्न खोजेपछि प्रहरीले हवाई फायर गरेको छ।

सोमबार गौशाला नगरपालिका-४ मलहनिया पोखरीटोलमा आरतीदेवी साहलाई ससुरापट्टीको घरपरिवारका सबैजनाले मिलेर विष सेवन गराएर हत्या गरेको भन्दै आरतीको माइती पक्षले सडक अवरुद्ध गरेर विरोध प्रदर्शन गर्दै आरोपितको घरमा आक्रमण गर्न खोजेका थिए।



दर्जनौको संख्यामा आएका आक्रोशितको भिडले पति उमेश साहको घरमा आक्रमण गर्न खोजेपछि उनीहरूलाई बचाउने क्रममा प्रहरीले २२ राउन्ड हवाई फायर गरेको प्रहरी प्रवक्ता डिएसपी दिलीपकुमार गिरीले जानकारी दिए।

प्रहरीका तर्फबाट सानो पेस्तोलबाट ५ राउन्ड र सशस्त्र प्रहरीले एसएलआरबाट ४ राउन्ड तथा ग्यास गनबाट १३ सेल फायर गरेको प्रवक्ता गिरीले जानकारी दिए।

स्थिति नियन्त्रणक्रममा प्रहरीका दुई र सशस्त्र प्रहरीका ३ जना सामान्य घाइते भएको महोत्तरी प्रहरीले जनाएको छ।

घटनामा सोमबार मृतकको माइती पक्ष र स्थानीयले आरतीलाई ससुरापट्टीको घर परिवार सबै मिली बिष सेवन गराई मारेको आरोप लगाई सम्सी-माईस्थान भित्री सडक खण्डमा टायर बाली बाटो अबरोध तथा नारा जुलुस गरेका थिए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज फजुलको धन खर्च हुनसक्छ । घरायसी कामधन्दाका लागि खट्नु पर्ने छ। मनमा दुबिधा उत्पन्न हुनेछ। चोटपटकको भय छ सचेत रहनुहोला।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
नयाँ काम सुरु गर्ने समय छ। जोशजाँगर र उमंग बढ्ला । आर्थिक कारोबारमा सफलता पाइएला । साथीभाइबाट बढी फाइदा लिने समय छ।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
उन्नति एवं प्रगतिको वातावरण बन्नेछ। शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ। वैदेशिक कार्य अघि बढ्नेछ। मेहनतीहरूका लागि दिन फलदायी रहनेछ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आज कुनै कुराले मन प्रसन्न रहनेछ । रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ । समाजसेवामा मन लाग्नेछ । विशिष्ट व्यक्तिको साथ पाइनेछ।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
दबाब र तनाव बढेको महसुस हुनेछ । ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। जिद्दीपनाले गर्दा काम बिग्रने डर छ, तर आफन्तको साथ पाइनेछ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
आज एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ। व्यापारमा मनग्ये धनलाभ हुनेछ । शुभकार्यको चर्चा चल्नेछ। भूमिबाट पनि लाभ रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
नयाँ व्यक्ति सँग भेटघाट हुनेछ । रोकिएको धन हात पर्ला। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
रोकिएका काम पुनः सुरु हुन सक्छन् । श्रमको उचित मूल्याङ्कन हुनेछ । व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
आज अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अनावश्यक यात्रा रहला, तर मित्रबाट साथ र लाभ मिल्नेछ साथै सन्तान सुख पनि मिल्नेछ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
शुभकार्यको चर्चा चल्नेछ। छोटो दुरीको लाभदायक यात्रा रहला। एकपछि अर्को अवसर आउनाले मन प्रसन्न रहनेछ । आस मारेको काम बन्न सक्छ।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आज रचनात्मक काममा जुट्ने समय छ। विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ। प्रेम सम्बन्ध पनि कसिलो होला।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
आज पारिवारिक साथ, जमघट र समर्थन पाइएला । विद्या र बुद्धिको विकास हुनेछ। आफ्नो परिश्रमअनुसार उपलब्धि पनि राम्रै पाइएला।

# लुम्बिनीमा ढल्यो सरकार, गण्डकीमा बनाउन ढिलाइ

**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
लुम्बिनी प्रदेशका मुख्यमन्त्री लीला गिरीले विश्वासको मत पाउन नसकेपछि एमाले समीकरणको प्रदेश सरकार ढलेको छ। यता गण्डकी प्रदेशमा पनि एमाले समीकरणको सरकार ढलेपछि नयाँ सरकार बनाउन आव्हानको तयारी भइरहेको छ । यद्यपि सरकार बनाउन आव्हान भएको छैन ।

सोमबारको बैठकमा मुख्यमन्त्री गिरीले विश्वासको मतका लागि राखेको प्रस्तावमा आवश्यक मत पाउन आएन । सरकार निरन्तरताका लागि पाउनुपर्ने ४४ मध्ये मुख्यमन्त्री गिरीले ३३ मत मात्रै प्राप्त गरे। उनलाई एमालेका २९ र राष्ट्रिय प्रजातन्त्र पार्टीका ४ प्रदेशसभा सांसदले मात्रै मत दिए।

मुख्यमन्त्रीको विश्वासको मतको विपक्षमा ५३ मत खसेको थियो । प्रदेशसभामा ८७ प्रदेशसभा सदस्य छन् । नेकपा माओवादी केन्द्रले यसअघि दिएको समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री गिरीले विश्वासको मत मागेका थिए । मत विभाजनपछि सभामुख तुलाराम घर्तीले मुख्यमन्त्री गिरीले विश्वासको मत प्राप्त गर्न नसकेको संसद्लाई जानकारी गराए । प्रदेशसभामा नेपाली कांग्रेस २७, नेकपा माओवादी ११, नागरिक उन्मुक्ति पार्टी चार, जसपा, लोसपा, जनमत तीन/तीन, राष्ट्रिय जनमोर्चा र एकीकृत समाजवादी एक/एक, स्वतन्त्र एक गरी ५३ सांसदले विपक्षमा मतदान गरेका थिए।

प्रदेशसभा बैठकमा मुख्यमन्त्री गिरीले सङ्घीयता कार्यान्वयनका लागि आफ्नो नेतृत्व सरकारले थप आधार तय गर्न सफल भएको बताए । उनले आफ्नो कार्यकालको सय दिनको अवधिमा लुम्बिनी प्रदेश सरकारले महत्वपूर्ण उपलब्धि हासिल गरेको बताए । उनले सङ्घीयता कार्यान्वयनका लागि थप आधार पनि निर्माण गरेकोसमेत बताए । मुख्यमन्त्री गिरीले समृद्ध प्रदेश आत्मनिर्भर लुम्बिनीको मूल उद्देश्य पूरा गरी दिगो विकास लक्ष्य हासिल गर्न लुम्बिनी प्रदेश सरकारले निजी क्षेत्र, सहकारी, समुदाय र विकास साझेदारसँग सुदृढ सम्बन्ध र सहकार्यको थालनी गरेको बताए। उनले पुस २७ गते मुख्यमन्त्रीमा नियुक्त भएका थिए । लुम्बिनीमा कांग्रेसका डिल्ली चौधरीलाई मुख्यमन्त्री बनाउन माग गर्दै विभिन्न आठ दलका ५३ सांसदले प्रदेश प्रमुखलाई हस्ताक्षर बुझाइसकेका थिए।



## सरकार गठनमा ढिलाइ

गण्डकी प्रदेशमा नयाँ सरकार गठन आह्वानमा ढिलाइ भएको छ।

शनिबारको गण्डकी प्रदेशसभाको बैठकमा प्रदेशका मुख्यमन्त्री खगराज अधिकारीले विश्वासको मत नपाएसँगै नयाँ सरकार गठनका लागि प्रदेश प्रमुखबाट आह्वान हुनुपर्ने भए पनि हालसम्म हुन सकेको छैन। नेकपा (एमाले)का अधिकारी नेतृत्वको सरकारले विश्वासको मत नपाएका अवस्थामा हाल केन्द्रको सत्तागठबन्धनमा रहेका दलको स्पष्ट बहुमत हुने भए पनि सरकारको नेतृत्व पहिले कसले गर्ने सम्बन्धमा सहमति जुट्न नसकेको बताइएको छ । साठी सदस्यीय गण्डकी प्रदेशसभामा २७ सिटसहित सबैभन्दा ठूलो दल नेपाली कांग्रेसले सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गरेको छभने आठ जना सदस्य रहेको नेकपा (माओवादी केन्द्र)ले आफूले पहिला सरकारको नेतृत्व गर्न पाउनुपर्ने दाबी गर्दै आएको छ। माओवादीका आठमध्ये एक जना सभामुखको जिम्मेवारीमा छन् । काठमाडौँमा शीर्ष नेतालाई भेटेर कुरा राख्ने गरी आफूहरू काठमाडौँ पुग्न लागेको बताउँदै प्रदेशसभा सदस्य विन्दुकुमार थापाले २७ सिट रहेको कांग्रेसको दाबी स्वाभाविक भएको बताए।

नेकपा माओवादी केन्द्र संसदीय दलका नेता हरिबहादुर चुमानले यसअघि कांग्रेसको नेतृत्वमा सरकार बनाउन आफूहरूले सहयोग गरेको बताउँदै अब बन्ने सरकारको पहिलो नेतृत्व माओवादीले पाउनु न्यायसङ्गत भएको बताए । शीर्ष नेताहरूसँग छलफल भइरहेको बताउँदै उनले मौखिकरुपमा सकारात्मक सङ्केत आएको बताए। संविधानले गरेको व्यवस्थाअनुसार धारा १६८ को उपधारा १ मा बहुमत प्राप्त दलले सरकार गठनका लागि दाबी पेस गर्ने उल्लेख छ। कुनै एक दलको बहुमत नभएका अवस्थामा उक्त धाराकै उपधारा २ अनुसार सरकार गठन हुने व्यवस्था छ । उपधारामा दुई वा सोभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्ने सांसदले सरकार बनाउने गरी दाबी पेस गर्न प्रदेश प्रमुखले आह्वान गर्ने व्यवस्था गरिएको छ । त्यस्तै उपधारा ३ मा संसद्को सबैभन्दा ठूलो दललाई प्रदेश प्रमुखले नयाँ सरकार गठनका लागि आह्वान गर्ने व्यवस्था छ।

नयाँ सरकार गठन आह्वानका लागि प्रदेश प्रमुखले कानुनी परामर्श गरिरहनुभएको प्रदेश प्रमुखको कार्यालयका प्रवक्ता चण्डीप्रसाद अर्यालले जानकारी दिए।

# दानवीर भामाशाहको जयन्ती मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख**
नरेन्द्र मोदी मञ्च नेपालले सोमबार जनकपुरधामस्थित रामबहादुर धर्मशालामा दानवीर भामा शाहको जयन्ती मनाएको छ। कार्यक्रममा प्रमुख अतिथि रामबहादुर साह थिए । शाहले पनि धर्मशालालाई दश करोड रुपैयाँको सम्पत्ति दान दिएका छन् । कार्यक्रममा हिन्दी भाषाअभियानी तथा लोसपाको वरिष्ठ नेता रमन पाण्डेयले भामा शाहले आफ्नो सम्पूर्ण सम्पत्ति राणाप्रतापलाई दान गरेर अकबरको अधीनता मान्नु पर्ने थिति बसालेका नाम नै दानवीर राखिएको बताए । नेपालका प्रख्यात सरसफाइ अभियन्ता तथा वातावरणविद् धीरेन्द्र साहले भामा शाहले आफ्नो सम्पत्ति दान गरेर राज्य बचाएको बताए। सत्य नारायण साहको अध्यक्षतामा भएको कार्यक्रममा रामबहादुर साह ट्रस्टका अध्यक्ष रामकिशोर साह, नेपाल तत्मा समाजका राष्ट्रिय अध्यक्ष रामशिष दास, जसपा नगर अध्यक्ष रामचन्द्र पंजियार, रुपेशकुमार मण्डल, कुमोद साह, किशोरी साहलगायतले भामा शाहको व्यक्तित्व र कीर्तित्वमा प्रकाश पारेका थिए।

# मानसिक हिंसाका उजुरी धेरै




**काठमाडौँ, ११ वैशाख ।**
राष्ट्रिय महिला आयोगमा चालु आर्थिक वर्षको चैतसम्म मानसिक हिंसासम्बन्धी ४२ प्रतिशत उजुरी परेका छन् । आयोगका प्रवक्ता चमिला भट्टराईले हिंसाका विभिन्न स्वारुपमध्ये यस अवधिमा महिला हिंसासम्बन्धी एक हजार चार सय ६७ उजुरीमध्ये मानसिक हिंसासम्बन्धी छ सय १२ वटा उजुरी परेको जानकारी दिइन् ।

'आयोगमा दर्ता भएका विभिन्न प्रकारका उजुरीमध्ये मानसिक हिंसासम्बन्धी धेरै छन्,' उनले भनिन्, 'यसबाहेक आर्थिक, शारीरिक र यौनजन्य हिंसासम्बन्धी पनि उजुरी परेका छन् ।' आयोगको तथ्याङ्क अनुसार साउनदेखि चैतसम्म आर्थिकसम्बन्धी चार सय ३०, शारीरिकसम्बन्धी तीन सय ७९, यौनजन्य हिंसासम्बन्धी ४६ वटा उजुरी दर्ता भएका छन् भने मानसिक हिंसासम्बन्धी ६ सय १२ उजुरी दर्ता भएका छन् ।

शारीरिक हिंसामा कुटपिट, जबर जर्स्ती, गर्भपतन गर्न लगाउनु, महिलालाई कामको बोझ थपेर दुःख दिनु वा शारीरिक घाउ, चोटपटक वा क्षति पुग्ने गरी गरिने कुनै पनि प्रकारको हिंसा यस अन्तर्गत पर्दछ।

आर्थिक हिंसामा निजी सम्पत्तिको प्रयोग गर्न वा रोजगारी वा आर्थिक स्रोतसाधनको पहुँच वा प्रयोगमा वञ्चित गर्ने कार्य यसभित्र पर्दछ । साथै यौनजन्य हिंसामा काम गर्ने तथा अध्ययन-अध्यापन गर्ने स्थान, सार्वजनिक यातायात वा अन्य सार्वजनिक स्थान, घरभित्र वा जुनसुकै स्थानमा गरिने बलात्कार, बलात्कारको प्रयास, यौन दुर्व्यवहार, यौनशोषण, जबरजस्ती संवेदनशील अङ्ग छुने वा छुवाउने, जबरजस्ती वा झुक्काएर यौन चित्र फोटो वा फिल्म देखाउने वा जबरजस्ती संवेदनशील चित्र, फोटो वा फिल्म खिच्ने, यौनजन्य कुराकानी वा शब्दको प्रयोग गर्ने वा यस्तै प्रकारका अन्य घटना पर्दछ । लैङ्गिक हिंसामा सार्वजनिक वा निजी जीवनमा लैङ्गिक आधारमा कसैप्रति शारीरिक, यौनजन्य वा मानसिक क्षति वा पीडालाई बुझाउँछ । लैङ्गिक आधारमा हुने वा हुनसक्ने कुनै पनि प्रकारको अपमानजन्य, पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रुपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनै कार्यसमेत बुझिन्छ।

मानसिक हिंसामा शारीरिक यातनाको डर, धाकधम्की दिने, त्रासपूर्ण व्यवहार गर्ने, गालीगलौँच गर्ने, अपशब्द बोल्ने, अरुका अगाडि होच्याउने, तिरस्कार गर्ने, झुठा बात लगाउने, घरबाट निकाला गर्ने, इच्छा विपरीत काम गर्न लगाउने साथै वैचारिक, धार्मिक सांस्कृतिक तथा परम्पराका आधारमा गरिने भेदभावलाई जनाउँदछ। मुलुकभरका हिंसाको सम्बोधनमा केन्द्रीय तहमा मात्रै सीमित भइ काम गर्दा अपेक्षाकृत उपलब्धी हासिल नभएको आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले बताए । लैङ्गिकमैत्री समाज निर्माणका लागि आयोगलाई स्थानीय तहसम्म पुऱ्याउन सक्नुपर्ने उनलेको भनाइ छ । संविधानमा राष्ट्रिय महिला आयोगले आवश्यकता अनुसार प्रदेशस्तरमा कार्यालय खोल्न सक्ने व्यवस्था भए पनि हालसम्म प्रदेशमा कुनै कार्यालय स्थापना भएको छैन । हाल आयोगले पीडितको उद्धार तथा उजुरीको सम्बन्धमा मेलमिलाप गराउने, विभिन्न निकायः प्रहरी, पुनःस्थापना केन्द्र, ओसीएमसी, स्थानीय निकाय, न्यायिक समिति, कानुनी सहायता प्रदान गर्ने संस्थासँग समन्वय गरी सेवाग्राही र सेवा प्रदान गर्ने निकायको बीच पुलको कामलगायतका जिम्मेवारी बहन गर्दै आएको छ।

# लागुऔषधसहित पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
धनुषा प्रहरीले लागुऔषधसहित युवकलाई पक्राउ गरेको छ।

पक्राउपर्नेमा धनुषाका गणेशमान चारनाथ नगरपालिका-१, वीरेन्द्र बजारका २४ वर्षीय अजय कुसैत यादव रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

यादवले घरमै अवैध लागुऔषध बिक्री बितरण गर्दै आएको गोप्य सूचनाका आधारमा इलाका प्रहरी कार्यालय ढल्केवरबाट खटेको प्रहरी टोलीले खानतलासी गर्दा घरको किचेन र सुत्ने रुमबाट बोराको झोला भित्र कालो प्लाष्टिकमा प्याक गरी राखिएको अवस्थामा लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ।

प्रहरीले उनको घरबाट एक्सिप्लोन एकसय एमलको ६३ वटा प्याक र १० वटा खाली बोतल, नाइट्रोभेट १० ट्याबलेट ११ पत्ता, स्पासोम प्रोक्सिवोनप्लस ९ पत्ता, स्यापेक्स ४ पत्तासहितका लागुऔषध बरामद गरिएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी वेदप्रकाश गौतमले बताए।



उनका अनुसार पक्राउ परेका यादवलाई लागुऔषध मुद्दामा १० दिन म्याद थप गरी अनुसन्धान बढाइएको छ।

# पञ्जीकरण विभागकै भित्तेपात्रोकै छैन अनुमति

**काठमाडौँ, ११ वैशाख ।**
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले मन्त्रिपरिषद्को आदेशविपरीत भित्तेपात्रो प्रकाशन गरेको भेटिएको छ। मन्त्रिपरिषद्को आदेशविपरीत विभागले प्रकाशित गरेको भित्तेपात्रोमा अक्षय तृतीया पर्वमा त्रुटि भेटिएको छ । नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले अक्षय तृतीया वैशाख १० गतेका लागि तोके पनि भित्तेपात्रोमा वैशाख ९ गते उल्लेख छ।




पात्रो प्रकाशन गर्न नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । तर विभागले समितिबाट स्वीकृति नलिइ भित्तेपात्रो प्रकाशन गरेको भेटिएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए। गृह मन्त्रालयका अधिकारीसँग पनि कुराकानी भएको उनले बताए।

विभागका महानिर्देशक रुद्रप्रसाद पण्डितले भित्तेपात्रो प्रकाशन गर्दा गम्भीर त्रुटी भएको भेटिएको भन्दै हाल भित्तेपात्रो वितरणमा रोक लगाइएको जानकारी दिए। आफूखुसी भित्तेपात्रो प्रकाशन गर्दा तिथि, मिति, चाडपर्वमा फरक भएर विवाद आएपछि मन्त्रिपरिषद्को २०७७ साल पुस २० गतेको बैठकले नेपाल पञ्चाङ्ग निर्णायक विकास समिति गठन आदेश स्वीकृत गरी पात्रो, भित्तेपात्रो र गोजीपात्रो प्रकाशन गर्नेले समितिसँग स्वीकृत लिनुपर्ने व्यवस्था गरेको थियो।

गठन आदेश २०७८ साल साउनमा नेपाल राजपत्रमा प्रकाशन भएको थियो । नेपाल राजपत्रमा समितिको गठन आदेश प्रकाशन भएपछि विसं २०७९ देखि प्रकाशन भएका सबै पात्रो, भित्तेपात्रो र गोजीपात्रोले समितिसँग स्वीकृति लिनुपर्छ।


पात्रो प्रकाशित गर्दा समितिबाट लिइएको स्वीकृति नम्बर पनि उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस वर्षदेखि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, संस्कृति महाशाखा प्रमुखको संयोजकत्वमा पात्रो, भित्तेपात्रो र गोजीपात्रो अनधिकृत रुपमा प्रकाशन भए/नभएको अनुगमन गर्न समिति गठन भएको छ । समितिमा गृह मन्त्रालयका उपसचिवलाई पनि सदस्य राखिएको छ । विभागले भने भित्तेपात्रो प्रकाशनमा त्रुटी भएको भन्दै सुधार गरिने प्रतिबद्धता जनाएको छ। विभागले भित्तेपात्रो प्रकाशनका लागि अस्मि प्रिन्टिङ प्रेसलाई जिम्मा दिइएको थियो।

प्रेसका डिजाइनर भूषण श्रेष्ठले नै तिथि, मिति, चाडपर्व राखेको बजार व्यवस्थापक विश्वराज केसीले बताए। समितिले पुसमै पात्रोलाई स्वीकृति दिन्छ। माघ पहिलो सातासम्म पात्रो प्रकाशन भएर बजारमा जान्छ। तिनै पात्रो किनेर डिजाइनरले भित्तेपात्रोको डिजाइन बनाउँछन्।

भित्तेपात्रोमा पात्रोकै जस्तो तिथिचाड पर्व सबै उल्लेख गरिए पनि त्यसको स्रोत भने राखिएको हुँदैन । भित्तेपात्रो प्रकाशक संस्था आफैँले ग्रहगणित गरेर राखे जसरी भित्तेपात्रोमा तिथि, चाडपर्व राख्दा बेलाबेलामा यस्तो समस्या आउने गरेको पञ्चाङ्गकार सूर्यनाथ पन्त बताउछन् । पञ्चाङ्गकारले पात्रोबाट भित्तेपात्रोमा सबै सामग्री हुबहु सारिँदा समस्या भएको भन्दै आए पनि कमैले मात्र प्रतिलिपि अधिकारअन्तर्गत कारबाहीको माग गर्ने गरेका छन् ।विभागले तीन हजार भित्तेपात्रो प्रकाशन गरेको जनाएको छ । विभागले स्थापना कालदेखि नै पञ्जीकरण, राष्ट्रिय परिचय पत्रलगायत जानकारीमूलक सूचना राखी भित्तेपात्रो प्रकाशन गर्दै आएको जनाइएको छ । यसअघि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरी अनधिकृत रुपमा प्रकाशन भएका पात्रो, भित्तेपात्रो र गोजीपात्रोको निरीक्षण एवम् अनुगमन गरी नियमन गर्न निर्देशन दिएको थियो । निर्देशन दिएको केही दिनमै मन्त्रालय अन्तर्गतकै विभागले अनधिकृत रुपमा भित्तेपात्रो प्रकाशन गरी गम्भीर गल्ती गरेको तथ्य पत्ता लागेको छ।

समितिले गत वर्षदेखि नै अनधिकृत रुपमा प्रकाशन हुने गरेका पात्रो, भित्तेपात्रो र गोजीपात्रोको अनुगमन गरी कारबाही गर्ने भने पनि हुन नसक्दा यस क्षेत्रमा मनपरी हुन थालेको छ । समितिका अध्यक्ष प्रा. श्रीकृष्ण अधिकारी नियम, कानुनको अभावमा काम गर्न नसकिएको स्वीकार गर्दै यसवर्षदेखि भने कारबाहीका लागि समितिको आन्तरिक व्यवस्थापन दिग्दर्शन मन्त्रालयले स्वीकृत गरेको बताउछन्।

# पठनपाठनमा सुधारले बढे विद्यार्थी



**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
जनकपुरधामस्थित याज्ञवल्क्य संस्कृत माध्यमिक विद्यालयको पठनपाठनमा सुधार भएपछि विद्यार्थी भर्नाको चाप बढेको छ। नेपालकै सबैभन्दा पुरानो विद्यालयको रुपमा रहेको विद्यालयमा संस्कृतका साथै अङ्ग्रेजी भाषामा पनि पठनपाठनको सुरुवात गरेपछि विद्यालयमा नामाङ्कनका लागि विद्यार्थीको अत्यधिक चाप बढेको विद्यालयका प्रधानाध्यापक संजय कुमार झाले बताए।

बिहान अङ्ग्रेजी माध्यममा पठनपाठन हुने गरेको छ भने दिउँसो नेपाली भाषामा । प्राचीन संस्कृत शिक्षालाई पनि विद्यालयले निरन्तरता दिएको छ । व्याकरण, ज्योतिष, वेद संस्कृत साहित्यको शिक्षालाई पनि निरन्तरता दिइएको कारणले पनि विद्यार्थीको संख्या बढेको उनको भनाइ छ । गुरुकुल शिक्षा लिन पहाडी जिल्लाबाट पनि विद्यार्थी आउने गरे पनि पछिल्लो समय केही कमी आएको छ। ज्ञानकूप संस्कृत विद्यालयले आधुनिक शिक्षा दिए पनि मौलिकतालाई मर्न दिएको छैन।

४८ सिटमा कम्प्युटर विज्ञानको पढाई हुने गरेकाले विद्यार्थीको आकर्षण थप बढेर गएको छ । कक्षा ९ देखि कम्प्युटर विज्ञानको पठनपाठन हुने गरेको विद्यालयले जनाएको छ।

विद्यार्थीहरूलाई घर लैजान तथा पुऱ्याउन जनकपुरधाम उपमहानगरपालिकाले प्रदान गरेको बसले सेवा दिने गरेको छ । वातावरणीय हिसाबले पनि निक्कै शान्त क्षेत्र रहनुका साथै सुविधा सम्पन्न भवन, छात्रावास, ल्याब तथा कम्पाउन्ड बाल एवम् खेलकुद मैदान भएकाले विद्यार्थी तथा अभिभावकको रोजाई ज्ञानकूप संस्कृत माध्यमिक विद्यालय परिरहेको छ । नेपालका कतिपय विशिष्ट व्यक्तिहरूले शिक्षा हासिल गरेको विद्यालय हो ज्ञानकुप।

## सम्पादकीय

# उपनिर्वाचनको सन्देश

बारा-२, चितवन-२ र तनहुँ-१ मा सम्पन्न उपनिर्वाचनको मतपरिणाम आइसकेको छैन । आउनेक्रममा छ । यद्यपि तपाईं यो सम्पादकीय पढिरहँदा तनहुँको नतिजा आइसकेको पनि हुन सक्छ । बारा र चितवनमा भने मतगणना जारी रहने छ । त्यहाँको रोमाञ्चक र रोचक स्पर्धाले जनमत कता जाँदैछ भन्ने सन्देश मात्र दिँदैन । गठबन्धन नेताहरुको हो, जनताको होइन भन्ने सन्देश पनि प्रवाह गर्नेछ । अर्कोतिर जनता कुनै पनि बेला बहकिन सक्छन्, बदलिन सक्छन्, अजेय शक्ति हुन्, किमार्थ दलका चवन्नी कार्यकर्ता मात्रै होइनन् भन्ने पनि सन्देश दिएको छ । ठूला भनिएका दलहरु, गठबन्धन गरेका दलहरुले अब जनमत बुझेर मात्र उम्मेदवार तय गर्नुपर्छ है भन्ने ज्ञान पनि हासिल गरेको हुनुपर्छ ।

तनहुँमा नेपाली कांग्रेस छाडेर राष्ट्रिय स्वतन्त्र पार्टी प्रवेश गरेका युवा नेता, जो देशको अर्थतन्त्रको अर्थशास्त्र पनि बुझ्छन् । यो ज्ञानलाई कांग्रेसमा लगानी गर्दा पनि ओझेलमा पारिएको वितृष्णालाई उनले राष्ट्रिय स्वतन्त्र पार्टीमा शक्ति आर्जनको विषय बनाए । उपनिर्वाचन घोषणापछि पार्टी प्रवेश गरे । उम्मेदवार हुने निधो गरे ।

नयाँ पार्टीमा उम्मेदवारी तय गरे र छोटो समय तनहुँको भूगोलमा गए । छिमेकी जिल्ला गोर्खाका हुन् । उनी चितवनमा उम्मेदवार हुन चाहन्थे । तर कांग्रेसले उनलाई गोर्खा र चितवनमा अवसर दिन चाहेन । नयाँ पार्टीमा नयाँ अनुहार भए पनि नेपाली राजनीतिमा स्थापित भएका युवा अनुहारलाई तनहुँका जनताले सर्लक्कै स्वीकार गरेर मत दिएको सन्देश आएको छ । उनी भारी मतले अग्रता कायम गरिरहेका छन् ।

यो निर्वाचनले फुटको सबक भने नेकपा एमालेलाई सिकाएको छ । नेकपा एसलाई जमानत जफतको पार्टी भनेर सबैभन्दा बढी प्रहार गर्ने पनि एमालेजन नै छन् । उसो त माधवकुमार नेपालले पार्टी विभाजन नगरेको भए एमाले बलियो हुन्थ्यो भनेर सबभन्दा बढी चिढिनेमा पनि एमालेजन नै छ ।

एमालेले आफ्नो कमजोरी कहिल्यै नदेख्ने र सधैँ अरुलाई हेलोहोचो गर्ने संस्कृति न बसाएकाले एमालेको स्खलन लगातार हुँदै गएको छ । पार्टी अध्यक्ष केपी शर्माले बोल्ने शब्द, लवजलाई नै पछ्याएर अरु युवा नेता पनि ओली झैँ कटाक्षमा उत्रँदा एमाले अरु खिइँदै गएको छ, सधैँ र सबैलाई चिढाउनु हुन्न भन्ने साधारण मनोविज्ञान पनि नबुझेको पंक्तिले सकेको मिहिनेत गरेका छन् पार्टीबाट जनमत घटाउनलाई । यसपटक चितवन, तनहुँ, बारामा पनि एमालेको मत घटेकै देखिएको छ । तर एमालेजनको चुनावी एजेन्डा अरुलाई आलोचनामा सीमित देखियो ।

नयाँ पार्टीहरु, नयाँ अनुहाररु उदाएका छन् । बारामा जनमत पार्टीले जनमत हासिलको प्रयास राम्रो गरेको छ । गठबन्धनको साझा उम्मेदवार, ४४ वडामध्ये एउटा पनि वडा नजितेको पार्टी गठबन्धनलाई चुनौती दिन सक्षम भएको छ । लामो समयदेखि स्थापित पार्टी एमाले त्यहाँ पनि कमजोर देखिएको छ । यसले के संकेत गरिरहेको छ, दलहरुले बुझ्न पर्छ । एमालेले बुझ्न पर्छ ।

जनता एक त मत खसाल्नै आउन छाडे । आएकाहरु पनि अब दलको लगाममा छैनन् । नयाँ अनुहारसँग आकर्षित छन् । नयाँ मुद्दामा आकर्षित छन् भन्ने सन्देश प्रवाह भएको छ । जे होस्, निर्वाचन जनताको अजेय शक्ति हो, त्यही शक्तिले कसैको शक्ति कसैलाई क्षणभरमै हस्तान्तरण गर्न सक्छ । त्यसैले जनता जाग्दै गएका छन् भन्ने मात्रै दलहरुले बुझे काफी हुन्छ ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ । मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ । पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं । लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं । हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# प्रगतिशील मनोविज्ञानमाथि विनिर्माणको ‘राजनीति’



– मनहरि तिमिल्सिना

औद्योगिक क्रान्तिको प्रभावले युरोपभरि औद्योगिकीकरणको सुरूआत, दार्शनिक क्षेत्रमा नयाँ बहसको प्रारम्भ, लोकतान्त्रिक चेतनाको विस्तार र मजदुर आन्दोलन विकसित हुँदै थियो । मुख्यतः १८३० को दशकपछि मजदुर आन्दोलनले सङ्गठित स्वरूप लिँदै जाँदा आन्दोलन लक्ष्यमुखी बनाउन विचारधाराका क्षेत्रमा आधुनिक विचारले स्थान पाउँदै थियो । त्यही बिन्दुमा मार्क्स-एगेल्सको पहलमा सन् १८६४ मा मजदुरको पहिलो अन्तर ाष्ट्रिय गठन भएपश्चात् राज्यसत्ता र प्रणालीका सन्दर्भमा व्यवस्थित बहस देखापर्‍यो ।

अन्तर्राष्ट्रियमा कार्लमार्क्स, फ्रेडरिक एंगेल्स, कार्ल काउत्स्की, बाकुनिन, लासालगायतका विलक्षण प्रतिभाका नेताहरू थिए । मार्क्स भन्थे, ‘पुँजीवादी राज्यको विकल्प समाजवादी राज्य व्यवस्था नै हो, यसका निम्ति विचार, राजनीति, सङ्गठन र राज्यसत्तामा समाजवादीको योजनाबद्ध पहलकदमी र हस्तक्षेप आवश्यक पर्दछ ।’ तर बाकुनिन मार्क्सको विचारसँग सहमत थिएनन् । क्रान्तिमार्फत पुँजीवादी राज्यसत्तामाथि विजय हासिल गरेपश्चात् परिवर्तित राज्यलाई स्वतन्त्र छोडिदिनुपर्ने बाकुनिनको विचार थियो । उनी भन्थे, ‘हामी स्वतन्त्रताका हिमायती हौँ, तसर्थ एउटा राज्यव्यवस्थाको विकल्पमा अर्को राज्यव्यवस्था स्थापित गर्नु स्वतन्त्रताको विपरीत हुन जान्छ ।’ मार्क्स बाकुनिनको विचारसँग सहमत भएनन्, उनले राज्यव्यवस्थालाई एउटा वर्गले अर्को वर्गमाथि शासन गर्ने औजारका रूपमा मात्र लिएनन्, त्यसका पक्षमा जीवनपर्यन्त पैरवीसमेत गरे । मार्क्सको विचार वर्गपक्षधरताका दृष्टिले पुँजीवादीका निम्ति मान्य थिएन, परन्तु क्रान्तिपश्चात् प्राप्त सत्तालाई बिना नियमन र नियन्त्रण स्वतन्त्र छोडिदिनुपर्ने मतमा संसारभरिका पुँजीवादी शक्तिहरूसमेत एकमतदेखिन्छन्, यसका निम्ति उनीहरूले पुँजीवादी लोकतन्त्रको शासकीय अवधारणा प्रस्तुत र अभ्यास दुवै गरे । यसलाई आज हामी आधुनिक र लोकतान्त्रिक राज्य भन्ने गरेका छौँ ।

मार्क्स र बाकुनिनबीच चलेको बहस विश्वको राजनीतिक आन्दोलन र सङ्घर्षमा सर्वत्र व्याप्त हुँदै मानव जाति आधुनिक युगको उत्कर्षतर्फ अग्रसर छ । स्थिर उत्पादन सम्बन्ध र गतिशील उत्पादक शक्तिबीचको सङ्घर्षले संसारभरि कुनै न कुनै प्रकारका क्रान्ति, आन्दोलन र सङ्घर्ष भएका छन्, ती सङ्घर्षहरूले पुरानो राज्ययन्त्र भत्काएका छन्, तर त्यसको विकल्पमा त्यसभन्दा राम्रो, त्यसभन्दा उन्नत र त्यसभन्दा सुव्यवस्थित राज्य प्रणालीको जग बसालेका छन् । लोकतान्त्रिक आन्दोलनको इतिहासमा यो अकाट्य, इतिहाससिद्ध र नियमसङ्गत तथ्य हो । नेपालमा एकात्मक तथा सामन्ती व्यवस्थाका विरूद्धमा जनताले विभिन्न समयमा विभिन्न प्रकृतिका क्रान्ति, आन्दोलन, विद्रोह र सङ्घर्ष गर्दै आएका छन् । ती सबै आन्दोलनले कहिले गुणात्मक तथा कहिले मात्रात्मकरूपमा राजनीतिक, सामाजिक परिवर्तन र रूपान्तरण गरेका छन्, तर कुनै पनि आन्दोलन र त्यसबाट विकसित नेतृत्वले पुरानो व्यवस्थाको विकल्प अराजकता र स्वेच्छाचारिता छानेका छैनन् । विसं २००७ को आन्दोलनले लोकतन्त्रको भ्रुण जन्मायो, २०३६-२०४६ को आन्दोलनले बहुदलीय लोकतन्त्रको जग बसाल्यो, महान् जनयुद्ध र २०६२-२०६३ को जनआन्दोलनले सामन्ती व्यवस्थाको अन्त्य र गणतन्त्रको जग बसाल्यो, २०७२ मा जारी नयाँ संविधानले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्‍यो । यी सबै क्रान्ति र आन्दोलनमा पुरानो विचारको विकल्प नयाँ विचार, पुरानो व्यवस्थाको विकल्प नयाँ व्यवस्था र पुरानो प्रणालीको विकल्प नयाँ प्रणाली छनोट गरिएको छ । यसर्थ यी सबै परिघटनाले विज्ञानको नियम पछ्याउँछन्, समाज विकासको प्राकृतिक बाटो अवलम्बन गर्दछन् । तर अहिले परिस्थिति फेरिएको छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको जग बसेको १५ वर्षपछि, नयाँ संविधान निर्माणको आठ वर्षपछि नेपाली राजनीतिमा नयाँ बहस प्रारम्भ भएको छ । त्यो बहस आलोचक छ, त्यसले भन्छ- पुराना नेताहरू जनताप्रति जवाफदेही भएनन्, पुराना पार्टीहरू बदलिएको परिस्थितिअनुसार चल्न सकेनन्, उनीहरूले अगाडि सारेका नीति, योजना र कार्यक्रमले राष्ट्रको समृद्धि र विकासको आकाङ्क्षा सम्बोधन गर्न सकेन । उनीहरूको तर्क छ-यसका निम्ति नयाँ विकल्प चाहिन्छ, नयाँ पार्टी र नेता चाहिन्छ ।

पुरानोको वपभित्र राष्ट्र निर्माणको व्यवस्थित गुरूयोजना चाहिन्छ, नयाँ गर्ने मार्गचित्र र सोहीअनुरूपको सङ्कल्प चाहिन्छ । नयाँ मार्गचित्रअनुरूपको सङ्गठन, शक्ति, कार्यशैली र चरित्र चाहिन्छ । हरेक मानिसको प्राकृतिक गुण नै हो- पुरानोको विकल्प र नयाँप्रति आकर्षण । तर नयाँ आवरणमा नभई गुणमा भएमात्र त्यसले समाधान दिन्छ । नयाँमा दर्शन नयाँ चाहिन्छ, विचार नयाँ चाहिन्छ, मार्गचित्र नयाँ चाहिन्छ, सङ्गठन र कार्यशैली नयाँ चाहिन्छ, क्षमता पनि नयाँ चाहिन्छ । कहिलेकाहीँ आवरण सुन्दर हुने वस्तुको गुण क्षयीकरण हुन सक्छ । विज्ञापन बजारमा गुणस्तरलाई होइन, आवरण र प्रचारमा जोड दिइन्छ, पुँजीवादी उत्पादकहरू उपभोग्य वस्तुको उत्पादनशील पुँजीमा जति जोड दिन्छन्, त्यसभन्दा बढ्ता विज्ञापन बजारलाई केन्द्रमा राख्छन् । पुँजीवादी माग र पूर्तिले मूल्य निर्धारण गर्ने दाबी गर्छन् तर वास्तविकतामा बजारमा वस्तुको गुणस्तर र मूल्य उपभोक्ताले निर्धारण गर्दैन, विज्ञापन बजारले निर्धारण गर्दछ । हामीकहाँ आएका नयाँ दल त्यही विज्ञापन बजारको ‘धुरीखाँबो’मा आफूलाई उभ्याइरहेका छन् ।

हो, नयाँ दलबाट आएका अनुहार प्राविधिक दक्षतायुक्त छन्, उनीहरू राष्ट्र निर्माणका लागि बलिया खम्बासमेत हुन सक्छन् । तर राज्य सञ्चालनको प्रश्न एउटा विधाको प्राविधिक दक्षताले पूर्ण हुने कुरा होइन, यो विकसित ज्ञानका सम्पूर्ण शाखा-प्रशाखाको समुच्चय हो । यो दूरदृष्टि, बहुआयमिक सन्तुलन र हस्तक्षेपको परीक्षा पनि हो । त्यस्तो दल र नेतृत्व मात्र राजनीतिक आन्दोलनमा सफल हुन्छ, जसले विश्वराजनीति, आधुनिक एवम् लोकतान्त्रिक राज्यका विभिन्न मूल्य र त्यसबीचको भिन्नता, हाम्रो मौलिकता र विशिष्ट बाटो छनोट गर्न सक्छ । त्यस्तो शक्ति दर्शनका दृष्टिले सुस्पष्ट, राजनीतिका दृष्टिले दुविधामुक्त, आचरणका दृष्टिले उच्च संस्कारयुक्त हुनुपर्दछ । अन्यथा त्यस्तो शक्ति वा नेतृत्व नयाँ बोतलमा पुरानो रक्सीबाहेक अरू हुँदैन ।

आवरणमा नयाँ देखिएकाहरू गुणमा नयाँ हुन्छन् नै भन्ने निश्चितता हुँदैन । मानव जाति र राजनीतिक आन्दोलनको इतिहासमा यस्ता दृष्टान्तहरू छन्, जहाँ नयाँको आवरणमा पुराना मात्र नभएर इतिहासले रछ्यानमा मिल्काएका शक्तिसमेत आउँछन् । दोस्रो विश्व युद्धपूर्व हिटलरको उदय, हाम्रै इतिहासमा जङ्गबहादुरको उदय नयाँप्रति नागरिकको बढ्दो आकर्षणको पृष्ठभूमिमा उदाएका अति रूढीवादी एवम् फासीवादी शक्ति र शासक थिए । पुराना पुरानै आवरणमा आउँदा सामाजिक स्वीकार्यता कमजोर हुन्छ, तसर्थ उनीहरू नयाँको आवरणमा बलियो जग बनाएर उभिन खोज्छन्, त्यसले जनतामा वास्तविक नयाँप्रति भ्रम सिर्जना गरिदिन्छ, प्रतिक्रान्तिको छद्मभेषमा उदाएका नयाँ अनुहारलाई अनुमोदन गरिदिन्छ । त्यसैलाई इङ्गित गर्दै मार्क्स भन्छन्, ‘इतिहास दुईपटक दोहोरिन्छ, पहिलो क्रान्तिका रूपमा, दोस्रो प्रहसनका रूपमा ।’ आज नेपाली राजनीतिमा जुन परिस्थिति र मनोविज्ञान देखिन खोज्दैछ, त्यो क्रान्ति होइन, प्रहसन हो ।

जनयुद्ध र जनआन्दोलनको रापताप, नागरिकमा परिवर्तनप्रतिको व्यग्र आकाङ्क्षा, राजनीतिक शक्तिले नागरिकका बाँडेका महत्वाकाङ्क्षी सपना र राज्यको साधनस्रोत, राज्यसामर्थ्य, परिवर्तनकारी शक्तिमा देखिएको विवाद एवम् विभाजन, ‘डिजिटल एरा’को राजनीतिक एवम् सांस्कृतिक चेतको कमी, राष्ट्र र जनताप्रतिको जिम्मेवारी बोधको नागरिक परीक्षामा कमजोर नतिजा, भूराजनीतिक दबाबजस्ता कारणबीच देखिएको विरोधाभाषको गर्भबाट पुनरुत्थानवादी प्रवृत्तिले आफ्नो शक्ति फर्काउन नयाँको आवरण प्रस्तुत गरिरहेका छन्, जसबाट नागरिक दिग्भ्रमित छन् । उनीहरू आँखा चिम्लिएर ‘गुलियो विष’ सेवन गर्न लालयीत छन् । जसलाई आधुनिक र नयाँ भनिएको छ, तिनीहरू उमेरबाहेक अरू कुनै पनि मूल्यमा नयाँ देखिँदैनन् । उनीहरूका दस्तावेज हेर्‍यो दर्शन र लक्ष्य भेटिँदैन, घोषणापत्र हेर्‍यो राष्ट्रनिर्माणको मार्गचित्र भेटिँदैन, सङ्गठन हेर्‍यो कुनै प्रणाली भेटिँदैन, कार्यशैली हेर्‍यो कुनै नवीनता भेटिँदैन, आचरण हेर्‍यो कुनै आदर्श भेटिँदैन । जनताले राज्य सञ्चालनको बागडोर सुम्पिहालेमा सम्हाल्ने कुनै योजना पनि देखिँदैन । तर यस्तो अराजक वा शृङ्खलाहीनतालाई विकल्प देख्ने हाम्रो मनोविज्ञानबारे हाम्रो बहस शून्यप्रायः देखिन्छ ।

संसारका सबै प्राणीमध्ये मान्छे सर्वश्रेष्ठ प्राणी हो भन्ने मान्छौँ भने राजनीतिक शक्ति र त्यसका समर्थकमा विनम्रता चाहिन्छ, आलोचना ग्रहण गर्नसक्ने सामर्थ्य चाहिन्छ, विरोध, आलोचना र सुझावभित्र आफ्नो भविष्य देख्नसक्ने चेत चाहिन्छ । राजनीतिक चिन्तन र दलका दृष्टिले फरक फरक ठाउँमा छौँ भने हरेक दल र शक्तिमाथि आलोचना गर्ने नागरिक अधिकार छ भन्ने सामान्यज्ञान चाहिन्छ । बहस र आलोचना सुन्नै नचाहने, अन्तरक्रियामा सहभागी नै नहुने, सुझावहरू ग्रहण नै नगर्ने मनोवृत्तिले उन्नतिको होइन अवन्नतिको मार्गमा पुर्‍याउँछ । तर नयाँ भन्नेहरू यो मनन गर्न त के, सुन्नसमेत तयार देखिँदैनन् ।

समाज सुधारक एवम् वामपन्थी नेता रूपचन्द्र विष्ट भन्थे, ‘इमान्दार त्यो हो, जो अवसर नपाउँदा होइन, अवसर पाउँदा इमान्दार रहन्छ ।’ अवसर नपाउँदा जोसुकै पनि इमान्दार देखिन्छ, किनकि मनसाय गलत भए पनि त्यसका लागि वातावरण प्रतिकूल हुन्छ, इमान्दारका लागि हजार वातावरण हुन्छ, तर उ नैतिकतामा अडिन्छ, आदर्शको अनुशरण गर्छ । नयाँ भनिएकाहरू अवसर पाउँदा कति नैतिक वा कति अनैतिक छन् भन्ने तथ्यसमेत हाम्रा अगाडि छर्लङ्गै छ ।

राष्ट्र र जनताप्रति को-कति इमान्दार छ, को-कति सक्षम छ भन्ने तथ्य भाषण वा समर्थकहरूको दाबीबाट होइन, तथ्यबाट प्रमाणित हुनुपर्दछ । नयाँ भनेर आएकाहरूको कार्यसम्पादन सबैभन्दा कमजोर भएको तथ्यहरूले बोल्दैछन् । तर उनीहरू आफ्नो असक्षमता र धुमिल छविलाई अरूमाथि गाली र दोषारोपणबाट शोधभर्ना गर्न उद्धत छन् । तत्कालका दृष्टिले ‘ब्ल्याकमेलिङ’बाट जनता झुक्याउन सकिएला । तर भविष्यमा आशाको रक्तसञ्चार गर्न सकिँदैन । नेपालीमा एउटा उखान छ, ‘तावाको माछो भुङ्ग्रोमा ।’ परिवर्तनको आकाङ्क्षा, दल र नेताप्रतिहरूको आक्रोशको विकल्प राम्रोभन्दा झन् नराम्रो छनोट गर्दा त्यो भुङ्ग्रो मात्रै हुन्छ । आज नयाँका नाममा मुलुक, व्यवस्था र प्रणालीका विरूद्ध जेजति प्रयत्नहरू अगाडि सारिएका छन्, तिनीहरू विकल्प होइनन्, समाधान त झन् हुँदै होइनन् । उनीहरू निर्माणको होइन, विनिर्माणको बाटो पछ्याइरहेछन् । तत्कालका दृष्टिले बलशाली जस्ता देखिए पनि उनीहरू उभिएको धरातल र राष्ट्र निर्माणको विरोधाभाष देखिन्छ । यो विनिर्माण हो, विकल्प होइन । तसर्थ, आउनुस्, अव्यवस्था र विनिर्माण होइन, निर्माणको भाष्यको पक्षमा पैरवी गरौँ ।

(लेखक प्रधानमन्त्रीका प्रेस विज्ञ हुन्)

# नेपाली लोकतन्त्रको जय होस्



– धर्मेन्द्र झा

नेपालमा सोमबार लोकतन्त्र दिवस मनाइएको छ । वैशाख ११ नेपाली लोकतन्त्र स्थापित भएको दिन । नेपाली लोकतन्त्रले सोमबार १७ वर्ष पूरा गरेको छ । दोस्रो जनआन्दोलनका रुपमा चर्चित २०६२/६३ को राजनीतिक आन्दोलन सफल भएको सोमबारको दिन अर्थात् वैशाख ११ को दिनलाई स्मरण गर्दै यो दिवस मनाउने गरिन्छ । विसं २०६२/६३ को आन्दोलनपछि सोमबारैको दिन तत्कालीन राज्यसत्ता आन्दोलनकारी शक्तिसँग सम्झौता गर्न बाध्य भएको थियो । विसं २०६३ वैशाख ११ का राति राजतन्त्रले संसद् पुनःस्थापनाको घोषणा गरी आफ्नो आयु अन्त्यको दिन गणना प्रारम्भ गरेको थियो ।

निश्चय पनि सोमबारको दिन नेपाल र नेपालीका लागि विशेष छ । थुप्रै सहिदको शहादतपछि स्थापित यो दिनको भावनात्मक महत्व हाम्रा लागि निश्चय पनि स्मरणयोग्य छ । यस दिनपछि मात्र नेपालीले स्वयंलाई देशको सम्प्रभू नागरिकका रुपमा स्थापित र परिभाषित गर्ने अवसर प्राप्त गर्न सकेका हुन् । रैतीबाट जनता-नागरिक बनेका हुन् । दोस्रो जनआन्दोलनको सर्वाधिक महत्वपूर्ण उपलब्धि नै देशमा लोकतन्त्र स्थापित हुनु हो ।

विगतमा दुई सय ४० वर्षभन्दा बढी समयदेखि सञ्चालन हुँदै आएको राजतन्त्रको अन्त्यको जग सोमबारैको दिनले बसाएको हो । सोमबारैको दिनको जगमा टेकेर नेपालमा गणतन्त्र स्थापना भएको हो भन्दा असत्य ठहर्दैन । एउटा व्यक्ति र परिवारबाट देशको शासन सत्ता जनतामा आउने कुराको सुनिश्चितता यही दिनले गरेको हो । यस अर्थमा सोमबारको दिन नेपालीका लागि निकै विशेष छ । त्यसो त २०६२/६३ को आन्दोलनको विरोध र आलोचना गर्नेहरुको पनि कमी छैन । तर तिनले पनि के बुझ्नुपर्छ भने विरोध र आलोचना गर्न अधिकार पनि तिनलाई यही लोकतन्त्रले दिएको हो । लोकतन्त्रको सर्वाधिक महत्वपूर्ण पक्ष नै यही हो कि यसले आफूविरुद्ध पनि विचार अभिव्यक्त गर्ने स्वतन्त्रता आम व्यक्तिलाई प्रदान गर्दछ, जुन कुरा हिजोको राजतन्त्रमा सम्भव थिएन ।

लोकतन्त्रको मूल ध्येय नै आम व्यक्तिलाई अधिकारसम्पन्न बनाउँदै देशमा सकारात्मक परिवर्तन ल्याउनु हो ।

लोकतन्त्र दिवसका बारेमा चर्चा गरिरहँदा सर्वप्रथम लोकतन्त्रको अर्थ र परिभाषाकै सन्दर्भमा कुरा गरेर नेपाली लोकतन्त्रको विश्लेषण गर्नु जरुरी हुन्छ । प्रसिद्ध दार्शनिक एरिस्टोटल (अरस्तु)ले लोकतन्त्रलाई परिभाषित गर्ने सन्दर्भमा लोकतन्त्रमा धनीभन्दा गरिबहरु बढी शक्तिशाली हुन्छन् किनकी समाजमा गरिबहरुको वर्चस्व हुन्छ भनेर भनेका छन् । अर्का प्रसिद्ध विचारक एवम् अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिङ्कनको, जनताद्वारा जनताका लागि जनतामार्फत गरिने शासन व्यवस्था नै वास्तविक लोकतन्त्र हो, भन्ने भनाइबाट सोमबारको युगमा कोही पनि अनभिज्ञ छैनन् । लोकतन्त्रका बारेमा थोरै पनि जानकारी राख्ने जो कोहीले पनि लिङ्कनको यो भनाइका बारेमा थाहा पाएका छन् ।

यस शताब्दीका महान विचारक नोवेल पुरस्कार विजेता अमर्त्य सेनले लोककल्याणकारी राज्य र सरकारका सन्दर्भमा लोकतन्त्रको महत्व प्रष्ट्याउँदै भनेका छन्- समकालीन समाजमा लोकतान्त्रिक मूल्यमान्यतालाई आत्मसात गरेको सरकारले मात्र जनताका आधारभूत आवश्यकता र चाहनालाई सम्बोधन गर्ने सामर्थ्य राख्दछन् ।

अर्का विचारक समाजशास्त्री जेम्स माहोनीले व्यक्त गरेको विचार पनि निकै महत्वपूर्ण छ । उनको विचार मननीय मात्र छैन, विश्लेषण गर्ने हो भने उनको विचारले लोकतान्त्रिक शासन व्यवस्थाको परीक्षण गर्ने कसी पनि होभन्दा अस्वाभाविक हुँदैन । उनको शब्दमा- लोकतन्त्रले सहभागितामूलक शासन व्यवस्थामा विश्वास गर्दछ, पारदर्शीताको वकालत गर्दछ र उत्तरदायित्वलाई सधैँभरि आत्मसात गर्दछ । उनको विचारको विश्लेषण गर्ने हो भने लोकतन्त्रका सन्दर्भमा सोमबारको शासन सहभागितामूलक, पारदर्शी र उत्तरदायी हुनुपर्छ भन्ने कुरा स्पष्टरुपमा बुझ्न सकिन्छ । बुझ्नुपर्छ ।

पछिल्लो पुस्ताको लोकतन्त्रको कुरा गर्ने हो भने लोकतन्त्र प्रतिनिधिमूलक होइन सहभागितामूलक हुनु जरुरी छ । लोकतन्त्रका सञ्चालकहरुको ध्यान यसतर्फ जतिसक्दो छिटो आकर्षित हुनु आवश्यक छ । माथि उल्लेखित विभिन्न विचारहरुको आलोकमा विश्लेषणको प्रयत्न गर्ने हो भने नेपाली लोकतन्त्रको विद्यमान अवस्थाबाट पूर्णतः सन्तुष्ट हुन सकिने अवस्था छैन । माथिका सबै विचारले नागरिक र जनतालाई केन्द्रमा राखेको छ । तर नेपाली लोकतन्त्रको अवस्थाको मूल्याङ्कन गर्ने हो भने यहाँ जनतालाई केन्द्रमा राख्ने कुरामा अझै केही समस्या छन् ।

लोकतन्त्र दिवसको सन्दर्भमा एउटा कुरा स्वीकार्नै पर्छ, नेपाली लोकतन्त्र अझै पनि सुदृढ र संस्थागत हुने दिशामा अनेकौं चुनौती र समस्या विद्यमान छन् । लोकतन्त्र धेरै हदसम्म जनतालाई आवश्यक सेवा प्रदान गर्ने सेवा प्रदायक संयन्त्र हो । तर दुःखका साथ भन्नुपर्ने हुन्छ नेपाली लोकतन्त्रले आफूमा यो चरित्रको समुचित विकास अझै पनि गर्न सकेको छैन । विभिन्न नाममा हुने अनियमितता र भ्रष्टाचार नेपाली लोकतन्त्रका प्रमुख चुनौती बनेका छन् । यसैगरी नातावाद र कृपावाद अर्काथिरि धमिरा बनेका छन् । जबकी यी विसङ्गतिहरुको लोकतन्त्रसँग कुनै साइनो हुँदैन ।

यस्तै विसङ्गतिहरुबाट समाजलाई मुक्त पारी जनतालाई आवश्यक सेवा सहज रुपमा प्रदान गर्ने प्रक्रियालाई चुस्त बनाउनु लोकतन्त्रको महत्वपूर्ण गुण हो । सोमबार झस्केलाबाट लोकतन्त्र विरोधीहरुले लोकतन्त्र नै अफाप भयो भन्ने प्रचार गर्ने अवसर पाएका छन् र यसमा कुनै शङ्का छैन उनीहरुलाई यो अवसर नेपाली लोकतन्त्रका सञ्चालकहरुले नै प्रदान गरेका हुन् । लोकतन्त्रका पक्षपातीहरु यी विषयमा गम्भीर हुन नसक्दा अधिनायक र

*बाँकी पृष्ठ ६ मा*

# विद्युतीय चुलो अनुदान योजना अलपत्र



**काठमाडौँ ।** सरकारले स्थानीय तहमार्फत एक परिवारलाई एउटा विद्युतीय चुलो अनुदानमा वितरण गर्ने योजना अलपत्र परेको छ। चालु आर्थिक वर्ष २०७९/८० को बजेट बक्तव्यमा घोषणा गरेको यो कार्यक्रमका लागि सरकारले न पर्याप्त बजेट छुट्र्याएको छ न त स्थानीय तहलाई प्रोत्साहन र सहजीकरण गर्ने गरी कुनै कार्यविधिसम्म तयार गरेको छ।

'विद्युत खपत बढाउन र एलपी ग्यासको आयात घढाउन' गरिएको यस्तो घोषणा मंसिर २०७८ का लागि तय भएको चुनावमा भोट बटुल्न गरिएको भन्दै सुरुमै आलोचना भएको थियो । विद्युतका सबै घरायसी ग्राहकलाई विद्युतीय चुलो दिने भनिएकाले ग्रामीण भेगका जनता उत्साहित पनि थिए।

ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवाल धनुषा लगायतका जिल्लामा अनुदानमा सहकारीमार्फत इन्डक्सन वितरण गरिएको बताउँछन् । वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत विकट भेगबाट शहर आएर बस्ने विद्यार्थीलाई पनि अनुदानमा इन्डक्सन वितरण भएको उनले बताए । आफूहरुले उपलब्ध बजेटअनुसार इन्डक्सन बाँडेको बताउँदै उनले भने, 'स्थानीय तहहरुले कहाँ, कति बाँडे भन्ने जानकारी चाहिं छैन ।'ऊर्जा मन्त्रालयका अर्का एक अधिकारी भने यो कार्यक्रमका लागि बजेटमा न्यून रकम छुट्र्याइएकाले कार्यान्वयन नै गर्न नसकिने अवस्था रहेको बताउँछन् । उनी भन्छन्, 'महत्वका साथ घोषणा भएको कार्यक्रमका लागि बजेट नभएपछि कसरी कार्यान्वयन हुन्छ ?'

उनका अनुसार यो उधारो घोषणालाई यसअघिको सरकारले विद्युत खपत बढाउनेभन्दा पनि चुनावमा भोट बढाउने माध्यमका रुपमा उपयोग गर्‍यो । हरेक परिवारलाई इन्डक्सन वितरण गर्ने सरकारी योजना लक्षित वर्ग नतोकिएकाले मात्रै हैन, विद्युत प्रणाली नहेरी ल्याइएकाले पनि सुरुमै शंकाको घेरामा थियो । सरकारको नियत र कमजोर विद्युत पूर्वाधारको विषयमा संसदमा पनि प्रश्नहरु उठेका थिए ।संसदमा जवाफ दिंदै तत्कालीन अर्थमन्त्री जनार्दन शर्माले विद्युत प्राधिकरणसँग छलफल गरेरै यो योजना ल्याएको बताएका थिए । संरचना बढाउँदै लगेर सय प्रतिशत पुर्‍याउने, सिंहदरबारबाट सुरु गरेर जनतासम्म पुर्‍याउने उनले बताएका थिए ।विद्युत प्राधिकरणका २५ प्रतिशत ग्राहकलाई इन्डक्सन दिन बजेट व्यवस्था गरिएको शर्माको भनाइ थियो । तर, जनताले अनुदानका इन्डक्सन नै नपाएपछि ग्यासको खपत घट्ने कुरै भएन ।

विद्युत प्राधिकरण भने क्रमैसँग विद्युतीय चुल्हो प्रयोग बढ्दै जाने बताउँछ । प्राधिकरणका अनुसार अहिले घरायसी विद्युतका करिब ४४ लाख ग्राहक छन् । सरकारको घोषणाअनुसार सबैले एकैपटक विद्युतीय चुलो पाएर प्रयोग थालेको भए प्राधिकरणको प्रणालीले नै नथेग्ने अवस्था हुन्थ्यो ।'सबै परिवारमा एकैपटक पुग्न नसकेपनि शहरोन्मुख भेगबाट चुलो वितरण थालेको भए विद्युत खपत बढाउन सहयोग पुग्थ्यो, तर कार्यक्रम अर्कै नियतले घोषणा भयो' प्राधिकरणका एक अधिकारी भन्छन्, 'यसले त सरकारलाई विद्युत खपत वृद्धि गर्नु छैन भन्ने मात्र देखायो ।'

उनका अनुसार एउटा इन्डक्सन चुलोले 'कुकिङ प्याटर्न' अनुसार ०.२ देखि २ किलोवाट आवरसम्म विद्युत खपत गर्न सक्छ। इन्डक्सन चुलो समान्यतयाः विद्युत प्रणालीमा साँझ र बिहान खाना पकाउने समयमा सबैतिर एकसाथ जस्तै जोडिन्छन् ।घरायसी ग्राहकमध्ये आधाले मात्रै इन्डक्सनमा औसत १ किलोवाट (१००० वाट) आवर विद्युत खपत गरे भने करिब २१ हजार ६५० किलोवाट आवर खपत हुन्छ।

२१ हजार किलोवाट आवर भनेको २१ सय मेगावाट बिजुली हो ।अहिले नेपालको विद्युत् उत्पादनको जडित क्षमता २ हजार ६५० मेगावाट छ। नदीहरुमा पानी घट्ने हिउँदका महिनामा करिब आधा बिजुली भारतबाट ल्याउनुपर्छ । सबै इन्डक्सन जोडियो भने नेपालमा साँझ बिहानको पिक आवरमा ३ हजार ९०० सय मेगावाट बिजुली आवश्यक पर्नसक्छ । अहिले सबैतिर इन्डक्सन प्रयोग गराउन सम्भव नहुने यो आँकडाले देखाउँछ।

प्राधिकरणका प्रवक्ता तथा भारप्रेषण केन्द्रका प्रमुख सुरेशबहादुर भट्टराई अहिले नै प्रणालीमा २० लाख इन्डक्सन चुलो जोडिएको दाबी गर्छन् । थप इन्डक्सन जोडिंदा वितरण प्रणालीमा चाप परेपनि माग व्यवस्थापन गर्न समस्या नहुने उनको भनाइ छ।

'कोरोना महामारीको बेला विद्युत उपयोगको प्रवृत्ति अध्ययन गर्दा प्रणालीमा ठूलो संख्यामा इन्डक्सन रहेको पाएका थियौं,' उनले भने, 'प्रोत्साहन नीतिबाट समेत प्रणालीमा इन्डक्सन थपियो भने देशका लागि राम्रो हुन्छ ।' प्रणालीको स्तरोन्नति गर्दै साँझ-बिहान सबैतिर इन्डक्सन चलाउँदा पनि प्रणालीले थेग्ने बनाउनेगरी काम भइरहेको उनले बताए । उनका अनुसार, अहिले तार, ट्रान्सफरमर, फिडर र ११ केभीका लाइनहरु पड्किने र जल्ने जोखिम भने छ ।'त्यसैले, पुराना हटाउँदै विश्वसनीय वितरण प्रणाली बनाउन काम भइरहेको छ । ट्रान्सफर्मर राख्ने, पोल गाड्ने र तार बिछ्याउने काममा अवरोध पनि भइरहेको छ,' प्रवक्ता भट्टराई भन्छन्, 'हामीले चाहेजसरी विद्युत प्रणालीमा प्राविधिक समस्या नआउने ग्यारेन्टी गर्न नसक्नुको कारण यो हो ।'

उनका अनुसार वितरण प्रणाली सुधारेर लाइन काटिने समस्या नआउने ग्यारेन्टी नभएसम्म भान्साबाट पूर्ण रुपमा ग्यास हटाउन ग्राहकलाई अप्ठेरो छ। प्राधिकरण त्यसकै लागि काम गरिरहेको उनले बताए ।'कुनै कारणबस बिहानभर लाइन आएन भने विद्युतीय चुलोमा भर पर्नेहरु त भोकै बस्नुपर्ने हुनसक्छ,' भट्टराई भन्छन्, 'त्यस्तो अवस्था नआओस् भनेर विद्युत वितरण प्रणाली सुदृढ पार्ने काम भइरहेको छ।'

प्राधिकरणका वितरण विभाग प्रमुख तथा उपकार्यकारी निर्देशक मनोज सिलवाल देशमा उत्पादित बिजुली देशभित्रै खपत गराउन इन्डक्सन वितरण आवश्यक रहेको बताउँछन् । इन्डक्सन प्रयोग बढ्दा वितरण प्रणालीमा आउने चुनौतीका लागि प्राधिकरण तयार रहेको उनले बताए ।

ऊर्जा मन्त्रालयका प्रवक्ता भेटुवाल विद्युतीय चुल्होको प्रवर्द्धन जरुरी भएपनि सीमित बजेटका कारण काम गर्न नसकिएको बताउँछन् ।

'हाम्रो मन्त्रालयले पाएको बजेट पनि देशको विशेष आर्थिक अवस्थाका कारण कटौती भएको छ,' उनले भने, 'अनुदानमा इन्डक्सन चुल्हो वितरणको कार्यक्रम पनि प्रभावित भएको छ।'

# १६ खर्ब रुपैयाँको बजेट आउने




**काठमाडौँ ।** आगामी आर्थिक वर्ष २०८०/८१ को बजेट १६ खर्ब रुपैयाँ बराबरको मात्र आउने भएको छ।

अर्थमन्त्री डा.प्रकाशशरण महतले सोमबार पार्टीको संसदीय दलको कार्यालयमा बजेट सम्बन्धी ब्रिफिङ गर्दै यस्तो जानकारी गराएका हुन् । सरकारको स्रोत खुम्चिएको अवस्थामा खर्चको दायरा समेत घटाउनुपर्ने बाध्यताकाबीच आगामी आर्थिक वर्षको बजेट १६ खर्बको सीमा भार्न लागिएको डा.महतको भनाइ छ।

उसो त आगामी आर्थिक वर्षका लागि राष्ट्रिय योजना आयोगले १६ खर्ब ८८ अर्ब रुपैयाँ बराबरको निश्चित सीमाभित्र रहेर बजेट ल्याउन अर्थ मन्त्रालयलाई निर्देशन गरिसकेको छ।

यो चालू आर्थिक वर्षको बजेटभन्दा १ खर्ब ५ अर्ब रुपैयाँले कम हो। चालू आर्थिक वर्षका लागि सरकारले कूल १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ लाख रुपैयाँ बराबरको बजेट ल्याएको थियो । तर, आर्थिक वर्षको ९ महिना वितिसक्दा समेत सरकारले मुस्किलले ५३ प्रतिशत बजेट खर्च गर्न सकेको छ भने यता राजस्व ५० प्रतिशत उठ्न सकेको छ । खर्चको स्रोत घटेसँगै सरकारले आगामी आर्थिक वर्षको बजेटमा साना फुटकर आयोजनाहरुको खर्च कटौती गर्ने नीति लिने अर्थमन्त्री डा.महतको भनाइ छ।

प्राथमिकतामा रहेका र बहुवर्षीय ठूला आयोजनाहरुलाई निरन्तरता दिएर स्रोत अपुग आयोजनाहरुलाई स्थगित गरिने समेत अर्थमन्त्री डा.महतले बताएका छन्।

# जिमेलमा साइबर अपराधको जोखिम




**काठमाडौँ ।** विश्वमा करोडौं मानिसले दैनिक रुपमा प्रयोग गर्ने जिमेल जति सहज तथा लोकप्रिय छ उति नै साइबर हमला अर्थात् ह्याकिंगको जोखिममा पनि छ ।जिमेल प्रयोगकर्ताको इनबक्समा अनेक खालका अपरिचित इमेलहरु आउनु सामान्य कुरा हो।

कहिलेकाहीँ कामलाग्ने इमेलको बीचमा यस्ता इमेलहरु पनि हुन्छन् जसमा साइबर आक्रमण तथा ह्याकिंगका लागि फिसिंग तथा मालवेयर राखिएको हुन्छ । प्रयोगकर्ताहरुका लागि यस्ता इमेलको पहिचान गर्ने काम निकै कठिन हुन्छ।

गुगलले दैनिक रद्द गर्छ १५ अर्ब इमेल

यो तथ्यांक निकै अनौठो लाग्न सक्दछ। गुगलले आफ्नो सपोर्ट पेजमा बताउ अनुसार हरेक दिन उसले १५ अर्बभन्दा धेरै अनावश्यक इमेलहरुबाट आफ्ना प्रयोगकर्तालाई बचाउँदछ।

जिमेलले ९९ प्रतिशत भन्दा धेरै स्पाम मेलहरुलाई आफैले अस्वीकृत गर्दछ। यद्यपि यसको बाबजुत पनि साइबर ह्याकिंगको खतरा पूर्णरुपमा रोक्न सकिँदैन ।यस्ता हानिकारक स्पाम इमेलहरुबाट बँच्नका लागि जिमेल प्रयोगकर्ताहरुले केही कुरामा ध्यान दिनुपर्दछ। गुगलले फिसिंग तथा मालवेयरयुक्त इमेलबाट बँच्नका लागि ध्यान दिनुपर्ने कुरा यस्ता छन् :

आफ्नो युजरनेम तथा अकाउन्टको पासवर्ड शेयर नगर्ने आफ्नो सामाजिक सुरक्षा नम्बर वा नागरिकता/परिचयपत्र नम्बर जस्ता जानकारीहरू पनि शेयर गर्नु हुँदैन

जिमेलमा आएको कुनै पनि इमेलको जवाफमा आफ्नो बैंक अकाउनट नम्बर, पिन, क्रेडिट कार्डको विवरण, जन्ममिति जस्ता कुराहरु शेयर गर्नु हुँदैन

कुनै पनि अपरिचित इमेलसँग आएका अट्याचमेन्ट कहिल्यै पनि डाउनलोड गर्नु हुँदैन।

# ४ महिनापछि वैदेशिक व्यापारले लय समात्दै




**काठमाडौँ ।** आयात प्रतिबन्धले प्रभावित बनेको वैदेशिक व्यापार लयमा फर्किन थालेको भन्सार विभागले जनाएको छ । सरकारले बढ्दो आयात नियन्त्रण गर्न र विदेशी मुद्राको सञ्चिति घटाउने लक्ष्यसहित २०७८ वैशाख १३ गतेदेखि आयात प्रतिबन्ध गरेको थियो।

आयात प्रतिबन्धले राजश्व संकलनको लक्ष्य नै प्रभावित बनेपछि सरकारले २०७८ पुस महिनादेखि आयात प्रतिबन्ध खुलाएको थियो। आयात प्रतिबन्ध फुकुवा भएको ४ महिनापछि वैदेशिक व्यापार लयमा फर्किन थालेको हो।

भन्सार विभागले सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०७८-७९ को ९ महिनाको तथ्यांकअनुसार १२ खर्ब १ अर्ब रुपैयाँको वस्तु आयात भएको छ । जबकि, गत आर्थिक वर्षको यही अवधिमा १४ खर्ब ६६ अर्ब रुपैयाँको वस्तु आयात भएको थियो।

पुसमा फुकुवा भएको आयात प्रतिबन्धको प्रभाव देखिएको चैत महिनामा मात्रै १ खर्ब ४३ अर्ब १२ करोड रुपैयाँको आयात भएको छ। आयात प्रतिबन्ध गर्ने सरकारको निर्णयसँगै नेपाल राष्ट्र बैंकले समेत एलसीमा गरेको कडाइ सहज बनाएको थियो।

आयातकर्ताले उक्त सूचना पाउनसाथ विदेशबाट आयातको प्रक्रिया अघि बढाउँदा पनि नेपालमा सामान आइपुग्न कम्तीमा ३ महिना लाग्छ। वस्तु आयातका लागि बैङ्क ग्यारेन्टी (एलसी) खोलेको ३ महिनापछि भन्सार बिन्दुमा वस्तु आइपुग्ने गरेको भन्सार विभागका निर्देशक तथा प्रवक्ता पुण्यबहादुर खड्काले जानकारी दिए।

सरकारको राजश्व लक्ष्य प्रभावित बनेर तलब नै खुवाउन समस्या पर्न थालेपछि प्रतिबन्ध लागेका सबै वस्तुको आयात खुलेको थियो।

फागुन महिनासम्मको अवधिमा विदेशबाट १० खर्ब ५८ अर्ब ३८ करोडको वस्तु आयात भएको थियो । आयात प्रतिबन्ध फुकुवा गर्ने सरकारी निर्णयको प्रभाव देखिएको चैतमा सबैभन्दा धेरै आयात भएको हो। चैत महिनामा भएको आयात वर्षकै सबैभन्दा धेरै हो।

भन्सार विभागको तथ्यांक : नेपालबाट १ अर्ब ५५ करोडको पिना निर्यात

यस्तै, चालू वर्षको यो अवधिमा नेपालबाट विदेशतर्फ १ खर्ब १८ अर्ब रुपैयाँ निर्यात भएको छ। यो गत आर्थिक वर्षको यही अवधिको तुलनामा २६.२४ प्रतिशतले कम हो। गत वर्षको ९ महिनाको अवधिमा नेपालबाट १ खर्ब ६० अर्ब रुपैयाँको वस्तु निर्यात भएको थियो।

आयात बढेसँगै वैदेशिक व्यापार समेत बढ्न थालेको छ। ९ महिनाको अवधिमा नेपालको कूल वैदेशिक व्यापार घाटा १० खर्ब ८३ अर्ब २२ करोड रुपैयाँ छ। गत वर्षको यही अवधिमा नेपालको वैदेशिक व्यापार घाटा १३ खर्ब ६ अर्ब रुपैयाँ थियो । जुन, यो वर्षको तुलनामा १७ प्रतिशतले बढी थियो।

आयातमा आधारित नेपालको अर्थतन्त्रमा यति बेला तलब खुवाउनै समस्या पर्न थालेको छ। चालू वर्षको यो अवधिमा सरकारको आम्दानी र खर्चको हिसाब खाता डेढ खर्बले घाटा छ । खास गरी, आयात प्रतिबन्धले आयात घटेसँगै राजश्व सङ्कलनको लक्ष्य प्रभावित बनेको थियो।

सरकारले वैशाख १३ गतेदेखि डिजेल र पेट्रोलबाट चल्ने चार पाङ्ग्रे सवारी साधन, १५० सीसीभन्दा माथिका मोटरसाइकल, महँगा स्मार्टफोन, तास, विदेशी मदिरा, चुरोट, कुरकुरे/कुरमुरे/लेज र खेलौनाको आयात रोकेको थियो। यी वस्तु नेपालमा सबैभन्दा धेरै आयात हुने वस्तुको सूचीमा पर्छन् । चालु आर्थिक वर्षमा डिजेल गाडीको आयात ९० प्रतिशतभन्दा धेरैले खुम्चिएको र यसबाट उठ्ने करसमेत ९० प्रतिशतभन्दा धेरैले खुम्चिएको अर्थ मन्त्रालयको तथ्याङ्क छ। यो सबै प्रतिबन्ध पुस महिनादेखि लागू हुने गरी हटाएको थियो।

भारतसँग सबैभन्दा धेरै व्यापार घाटा

चालु आर्थिक वर्षको ९ महिनामा भारतसँग मात्र नेपालले रू छ खर्ब ७० अर्ब ७६ करोड बराबरको व्यापार घाटा व्यहोरेको छ। यो अवधिमा नेपालले भारतबाट रू सात खर्ब ५३ अर्ब ७५ करोड बराबरको वस्तु आयात गर्दा रू ८२ अर्ब ९८ करोड ५३ लाख बराबरको निर्यात गरेको देखिएको हो । चीनसँग यही अवधिमा नेपालले रू एक खर्ब ६१ अर्ब ८१ करोड बराबरको व्यापार घाटा बेहोरेको छ । चैत मसान्तसम्ममा नेपालले चीनबाट रू एक खर्ब ६२ अर्ब ४४ करोड ८४ लाख बराबरको वस्तु आयात गर्दा रू ६३ करोड ६८ लाख बराबरको मात्रै निर्यात गरेको देखिएको हो।

संयुक्त अरब इमिरेट्स (युएई) मा अवधिमा नेपालले युएईबाट रू २५ अर्ब ९१ करोड १२ लाख बराबरको वस्तु आयात गर्दा रू ४२ करोड ७० लाख बराबर मात्रै निर्यात गरेको छ । त्यस्तै चैत मसान्तसम्ममा नेपालले अमेरिकाबाट रू १४ अर्ब ४७ करोड ७५ लाख बराबरको वस्तु आयात गरेको छ भने रू १३ अर्ब ९० करोड ९५ लाख बराबरको निर्यात गरेको छ।

९ महिना अवधिमा नेपालले सबैभन्दा धेरै रू एक खर्ब १२ अर्ब ४० करोड बराबरको डिजेल र रू ४९ अर्ब ७४ करोड ७२ लाख बराबरको पेट्रोल आयात गरेको छ। रू ४४ अर्ब ८४ करोड बराबरको खाना पकाउने ग्यास आयात भएको छ । नेपालले बढी आयात गरेको वस्तुमा फलामजन्य वस्तु चौथो स्थानमा छ। चैत मसान्तसम्ममा रू ३० अर्ब ६३ करोड बराबरको फलामजन्य वस्तु आयात भएको छ।

# कोरिया जाने भाडा महँगो किन ?




**काठमाडौँ ।** नेपालबाट कोरिया जाने हवाई भाडा अत्यधिक महँगो भएको बारे श्रम मन्त्रालयले ईपीएस कोरियालाई स्पष्टीकरण सोध्ने भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीका अनुसार कोरियन एयरले यात्रुसँग महँगो भाडा असुल गरिरहेको सन्दर्भमा श्रम मन्त्रालयमार्फत तीन दिन भित्र जवाफ पेश गर्ने गरी स्पष्टीकरण सोध्ने निर्णय पर्यटन मन्त्रालयले गरेको हो । मन्त्री किरातीका अनुसार ईपीएसबाट कोरियन एयरलाइन्सले कोरिया जाने टिकटको लागतबारे प्रश्न गरिएको छ । सो टिकटबाट प्रतिव्यक्ति कति नाफा आउँछ भनी प्रश्न गर्ने निर्णय भएको मन्त्री किरातीले जानकारी दिए। नाफा कति प्रतिशत बढाउन पाइने निर्णय छ ?, कोरियन एयरलाइन्सले अहिलेसम्म एकलौटी कति यात्रु बोके ?, समग्रमा अहिलेसम्मको टिकटको बजेट कति हुन आउँछ भन्नेबारे समेत प्रश्न सोधिने भएको छ। कोरियन एयरले १ लाख ८५ हजार भाडा लिएको तर, ट्रान्जिट भएर जाँदा ७० हजार मात्र भाडा लिएको सन्दर्भमा कोरियन एयरले किन धेरै भाडा लिएको हो भन्नेबारे समेत ईपीएस कोरियाले जवाफ दिनु पर्ने भएको छ। कोरिया जाने हवाई भाडा अत्यधकि भएको गुनासो यात्रुले गर्दै आएका छन्।

# साउदी चीनसँग नजिकिँदा ताइवानमा कस्तो प्रभाव पर्ला ?



**जनकपुरधाम** । साउदी अरेबियाले हालसालै चीन नेतृत्वको सांघाइ सहकार्य संस्था (सांघाइ कर्पोरेसन अर्गनाइजेसन-एससीओ) मा संलग्न हुने निर्णय गऱ्यो ।

यसको संकेत स्पस्ट हो, साउदीले अब संयुक्त राज्य अमेरिका भन्दा चीनसँग सहकार्य बढाउन चाहन्छ । अमेरिकी राष्ट्रपति जो बाइडेनले साउदीका राजकुमार मोहम्मद विन सलमानसँग सम्झौता गर्न नसक्दा रियाद मस्को र बेइजिङसँग निकट हुँदैछ ।चिनियाँ मध्यस्थताको माध्यमबाट इरान र साउदीबीच वार्ता भएको विषयले मध्यपूर्वमा चिनियाँ प्रभाव बढ्दै गएको इंगित गर्छ । सांघाइ कर्पोरेसन सन् १९९६ बाट सुरू भएको हो । संघाइ सहकार्य संस्थामा चीन, काजगिस्तान, कीर्गिस्तान, रूस र ताजिकिस्तान गरी पाँच मुलुक सम्मिलित छन् ।

सन् २००१ मा चीनले मध्य एशियाका राष्ट्रहरूलाई एससीओको सदस्य रहनका लागि कुटनीतिक पहल बढायो । सांघाइ कर्पोरेसनको उद्देश्यलाई परिभाषित गर्दै उसले यो सहकार्य आर्थिकमा मात्रै सीमित नभएर सैन्य र राजनीतिक मामिलामा पनि हुने बतायो । मंगोलिया पाकिस्तान र भारत पनि यसमा संलग्न छन् ।सन् २०२३ को हालसम्मको स्थितिमा एससीओमा रहेका मुलुकमा विश्वकै आधा जनसंख्या छ भने यसले विश्वको अर्थतन्त्रको ३० प्रतिशत हिस्सा ओगट्छ भने क्रय शक्तिका हिसाबले ४० प्रतिशत । यसको तुलनामा जी सेभेन राष्ट्रहरूको जनसंख्या पनि सानो छ भने क्रयशक्ति २७ प्रतिशत मात्रै छ । सांघाइ कर्पोरसनसँग जी सेभेनभन्दा बढी नै आर्थिक प्रभाव छ । सन् २०२१ मा एसीसकर्पोरेशनमा आवद्ध राष्ट्रहरुले संयुक्त सैन्य अभ्यास समेत गरेका थिए ।अहिले त्यस कर्पोरेशनमा स्रोत साधनले सम्पन्न साउदी अरब पनि संलग्न भएको हो । सन् २०२३ मा सदस्य राष्ट्रहरूले आतंकवाद प्रतिकारका लागि संयुक्त अभ्यास गर्दैछन् । यहाँ साउदीको सैन्य संलग्नता सबैभन्दा रोचक हुनेछ । चीनले आफ्नो संलग्नतामा इरानसँग वार्ता गराउन सफल भएकाले साउदीले चीनसँग कुटनीतिक सम्बन्ध बलियो बनाउनुपर्ने ठानेको हो । इरान र साउदी अरबबीचको द्वन्द्वले मध्यपूर्व अशान्त थियो र त्यहाँको समस्या समाधानका लागि दुबै मुलुक असमर्थ थिए ।साउदी र इरानबीचको द्वन्द्व मध्यपूर्वमा आफ्नो शक्तिशाली वर्चश्व स्थापनाका लागि भएको कुरा यमन युद्धलेनै प्रस्ट पार्छ ।पेट्रोलियम पदार्थ उत्पादनको कुरा गर्दा साउदीले इरानभन्दा धेरै कम मूल्यमा पेट्रोलियम पदार्थ उत्पादन गरेको छ । साउदीले प्रति ब्यारेल ६५ डलरमा उत्पादन गर्दा इरानमाथि दबाव छ ।

दुई मुलुकबीच चीनले वार्ता गराएसँगै पेट्रोलियम पदार्थ उत्पादक मुलुकहरूको भेलाले उत्पादन न्युनीकरण गर्ने निर्णय गऱ्यो । यसले गर्दा पेट्रोलियम पदार्थको मूल्य बढ्दा पश्चिमा राष्ट्रहरू दबावमा परे ।

युक्रेनमा हमलापछि पश्चिमा राष्ट्रहरूको प्रतिबन्धका कारण रूसी अर्थतन्त्र दबावमा परेको धेरैको मत छ । यद्यपि, अर्थशास्त्री खुफिया एजेन्सीहरुका अनुसार रूस विकसित विश्वतर्फ अघि बढिरहेको छ ।

**चीनको बढ्दो प्रभाव**

चिनियाँ राष्ट्रपति सी जिनपिङले रूस युक्रेन युद्धलाई पशिचमाहरूको हतियार क्षमता र त्यसको शक्ति परीक्षणको अवसर बनेको धारणा राख्दै आएका छन् । ताइवानसँग तनाव बढ्दै जाँदा पशिचमाहरूको शक्ति आकलनमा यसले सहयोग पुऱ्याउने सीको विश्वास छ ।भारत भने चीन नेतृत्वको एससीओ र अमेरिका पनि रहेको क्वाड (अमेरिका, जापान, अष्ट्रेलिया र भारत संलग्न) को सदस्य पनि बसेर दुई धारे नीति लिएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई चीनप्रति भारतको झुकावबारे प्रश्न गर्दा उनले भनेका छन्, 'भारत तेस्रो ध्रुव निर्माणको पक्षमा छ ।' चीनलाई टक्कर दिनका लागि अमेरिका बेलायत र अष्ट्रेलिया सम्मिलित अकस गठन भएको छ । यसले ताइवानलाई समर्थन गर्ने पक्का छ । चीनले सदस्यता विस्तारसँगै कुटनीतिक प्रभाव विस्तार गर्नुको कारण पनि प्रस्ट छ, 'ताइवानलाई चीनमा गाभ्नका लागि चीन छुट्टै गठबन्धन निर्माणमा अग्रसर छ ।'

**ताइवानलाई के प्रभाव पर्छ ?**

हालसालै बेइजिङले एउटा कुरा विश्वलाई स्मरण गराएको छ । सन् १९७१ मा संयुक्त राष्ट्रसंघको प्रस्तावले चीनलाई स्वीकार गरेको कुरा उसले विश्वलाई स्मरण गराएको छ । एससीओबारे तनाव बढ्दै जाँदा संयुक्त राष्ट्रसंघको प्रस्ताव झनै महत्वपूर्ण छ । राष्ट्रसंघले यो प्रस्ताव पारित गर्नुअघि चीनको भूभाग ताइवानसम्म पर्थ्यो । यो प्रस्ताव पारितका लागि ताइवानलाई समावेश गर्नुको कारण भनेको अन्तर्राष्ट्रिय समुदायले ताइवान चीन स्वशासित क्षेत्रका रूपमा बुझेको थियो । राष्ट्रसंघको यस प्रस्तावले बेइजिङ र ताइपे फरक रहेको बतायो तर राष्ट्रसंघको प्रस्तावमा यिनीहरुको सीमाबारे केही उल्लेख गरिएको छैन ।

ताइवानको संविधानले आफ्नो पुनर्मिलन नभएसम्मका लागि संक्रमणकालीन कानुन अन्तर्गत चुनावको परिकल्पना गरेको छ । पुनर्मिलन ताइवानको संविधानको निर्दिष्ट उद्देश्य हो । तर चीनसँग गाभिने विषयमा ताइवानका राजनीतिक दल विभाजित छन् । कोही स्वतन्त्रताको पक्षमा छन् त कोही गाभिने पक्षमा । पृथक गठबन्धन सिर्जना गर्दै चीन ताइवानलाई आफूमा गाभ्ने वातावरण तयार गर्दैछ । गत अप्रिलमा पनि चीनले त्यस क्षेत्रमा सैन्य अभ्यास गरेको थियो । त्यस इलाकामा रकेट हमला हुनसक्ने भन्दै चीनले जहाज नचलाउन चेतावनीसमेत दिएको थियो । ताइवानलाई आड दिनका लागि अमेरिकाले नेटो र अकसको आड लिइरहेको छ । तर अमेरिका विकसिल अन्य राष्ट्रहरूसँग सम्बन्ध स्थापनाका लागि र आफ्नो एजेण्डामा समर्थन दिलाउनका लागि चुकिरहेको छ ।

# जीवहरू लोप हुने समयबारे वैज्ञानिकको चेतावनी



**जनकपुरधाम** । एउटा अध्ययनले प्रकृतिमा रहेका जीव तथा वनस्पतिहरूको सङ्ख्या घट्न नदिने महत्त्वाकाङ्क्षी लक्ष्य काबु बाहिर पुगेको देखाएको छ । वैज्ञानिकहरूले जलवायु परिवर्तनको असर र जीवहरूको वासस्थान क्षेत्र गुम्ने विषयलाई कम आकलन गरिएको बताएका छन् ।

उनीहरूका अनुसार तत्कालै कदम नचाले जीवहरू लोप हुनबाट जोगाउने प्रयासका लागि अपेक्षा गरेभन्दा लामो समय लाग्न सक्छ र विश्वव्यापी जैविक विविधताको लक्ष्य पहुँचभन्दा बाहिर पुग्न सक्छ। गत डिसेम्बरमा करिब २०० देशहरू यो दशकको अन्त्यसम्ममा जीवहरू लोप हुने क्रम रोक्न सहमत भएका थिए ।

**सोचेभन्दा कठिन लक्ष्य**

ती देशहरूले जैविक विविधता क्षयीकरण रोक्ने र सन् २०३० सम्ममा जमिन र समुद्रको ३० प्रतिशत क्षेत्रलाई संरक्षित क्षेत्र राख्ने महत्त्वाकाङ्क्षी लक्ष्य तय गरेका थिए । 'यो विश्लेषणले के उजागर गर्छ भने यो (लक्ष्य हासिल गर्न) हामीले सोचेभन्दा कठिन छ,' लन्डनस्थित इन्सटिट्यूट अफ जुलोजीका डा. रोबर्ट फ्रिम्यानले भने । 'हामीले तत्काल र फटाफट कदम चाल्नुपर्नेछ र त्यसलाई हासिल गर्न धेरै कुराको सामना गर्नुपर्नेछ,' उनले भने ।

रोयल सोसाइटी जर्नलमा प्रकाशित भएको उक्त अध्ययनले ६०० भन्दा धेरै प्रजातिका चरा र स्तनधारीहरूको जनसङ्ख्याको प्रवृत्तिबारे विश्लेषण गरेको छ । वैज्ञानिकहरूले नमुनाका रूपमा अघि सारिएका विगतका कार्यहरूले दशकौँको अवधिमा हुनसक्ने जलवायु परिवर्तन र वासस्थान क्षेत्रको असरलाई बेवास्ता गरेको पत्ता लगाएका छन् ।

यसको अर्थ जैविक विविधताको क्षयीकरण हामीले सोचेभन्दा धेरै तीव्र गतिमा भइरहेको छ । 'ठूला स्तनधारी जनावरहरूमा यसको कार्यान्वयन ४० वर्षसम्म पछि धकेलिन सक्ने हामीले देखेका छौँ,' फ्रिम्यानले भने । 'यसको अर्थ के हुन्छ भने जति धेरै हामी कदम चाल्न ढिलो गर्छौं त्यसको नतिजा आउन पनि उतिनै ढिला हुन्छ ।'

**इतिहासमै नभएको लोप हुने विन्दु**

यसका अतिरिक्त अति सिकार र प्राकृतिक स्रोतहरूको उच्च दोहन रोक्न तत्कालै कदम चालेको अवस्थामा त्यसले दीर्घकालीन फाइदा पुग्ने अनुसन्धानले देखाएको छ ।

मानव इतिहास सुरूभएयता नै सबैभन्दा धेरै बोटबिरुवा र जनावरहरू लोप हुने विन्दु आइपुगेको छ । जैविक विविधतामा भएको क्षति रोक्न गत डिसेम्बरमा देशहरूले एउटा महत्त्वपूर्ण सहमतिमा हस्ताक्षर गरेका थिए ।

यूकेसहित १ सय ८८ देशले हस्ताक्षर गरेको सहमतिमा खानेकुराबाट निस्कने फोहोर सन् २०३० सम्म आधा घटाउनेदेखि जैविक विविधतामा असर गर्ने क्षेत्रमा दिइने अनुदान अन्त्य गर्दै लैजाने उल्लेख छ ।

# अमेरिका पुग्ने भारतीयको सपना बालीमै टुङ्गियो

**जनकपुरधाम** । दशौँ लाख भारतीयहरू जस्तै सुखजिन्दरले पनि अमेरिका पुग्ने र राम्रो जीवन बिताउने सपना देखेका थिए । तर उनी अहिले त्यो कुरा सम्झँदा पनि झस्किन्छन् । 'अहिले कसैले विदेश जाने कुरा गऱ्यो भने पनि मेरो सातो जान्छ । त्यो एउटा निर्णयले मेरो जीवनको सबै कुरा बरबाद बनायो,' ३५ वर्षका सुखजिन्दरले भने । पञ्जावको एउटा सानो गाउँ तरन तारनका सुखजिन्दर अमेरिका पठाइदिने एउटा गिरोहको झुटो बाचामा विश्वास गरेर ठूलो पैसा गुमाउने कम्तीमा १५० पीडित युवा र युवतीहरूमध्ये एक हुन् । प्रहरीका अनुसार भारतीयहरूनै संलग्न रहेको यो गिरोहले अमेरिका पठाइदिने नाममा पीडितहरूलाई इन्डोनेशियाको बाली जस्ता नयाँ ठाउँमा पुऱ्याएर बन्धक बनाउने र उनीहरूको परिवारसँग मोटो रकम असुली गर्ने गरेको थियो ।

**इन्डोनेशिया र सिङ्गापुरमा अखडा**

सस्तो हवाई टिकट र भारतीयहरूका लागि 'अन अराइभल भिसा' अर्थात् अग्रिम भिसा नचाहिने सुविधाका कारण यो गिरोहले इन्डोनेशिया र सिङ्गापुर जस्ता ठाउँमा अखडा बनाएको प्रहरीको आशङ्का छ । पञ्जाव बाहेक भारतको हरियाणा, उत्तराखण्ड र हिमान्चल प्रदेशका युवाहरू पनि यो गिरोहको निशानामा परेको बताइएको छ । प्रहरीका अनुसार गत वर्ष यो गिरोहका नाइके दाबी गरिएका सन्नी कुमारकी श्रीमती र उनका बुबालाई पक्राउ गरेर पञ्जावमा रहेको उनीहरूको घरबाट एक करोड ५० लाख भारतीय रुपैयाँ बरामद गरिएको थियो ।

हालसम्म यो ठगीमा संलग्न भएको आरोपमा ११ जनालाई पक्राउ गरिसकिएको छ । तर कुमार र गिरोहका अन्य सदस्यहरू अझै फरार छन् र उनीहरू इन्डोनेशियामै लुकी रहेको आशङ्का गरिएको छ । प्रहरीले भारतको केन्द्रीय सरकारसँग समन्वय गरेर उनीहरूलाई पत्ता लगाउने प्रयास गरिरहेको जनाएको छ । पक्राउ परेका व्यक्तिहरूले पनि बयानमा केही कुरा खुलाएका छैनन् । यसबारे प्रतिक्रियाका लागि इन्डोनेशियाको प्रहरीसँग सम्पर्क गरेको छ र प्रतिक्रिया आएपछि यो समाचार अद्यावधिक गरिनेछ ।



**परिवारलाई दबाब**

दुई वर्षदेखि सक्रिय रहेको यो समूहबाट युवा तर धेरै अध्ययन नगरेकाहरू निशानामा परेका छन् । 'गिरोहका मानिसहरूले पीडितहरूलाई मेक्सिको हुँदै अमेरिका लैजाने वाचा गर्दा रहेछन्,' मोहाली सहरका प्रहरी आयुक्त गुरशेर सिंह सन्धुले बीबीसीसँग भने । 'उनीहरूले आफ्ना ग्राहकहरूलाई देश बाहिर उडाएपछि परिवारमा फोन गरेर सुरक्षित रूपमा पुगेको भन्दै गिरोहलाई पैसा दिन भन्न दबाब दिँदा रहेछन् ।' पञ्जावमै रहेका गिरोहका केही मानिसहरूले पीडितका घरमा पुगेर पैसा लिइसकेपछि पीडितलाई त्यही देशमा अलपत्र छोडिदिने वा भारतमै फिर्ता पठाइदिने गरेको सन्धुले बताए । सुखजिन्दरका अनुसार अमेरिका पुग्न सहयोग गर्ने एक जना आफन्तको आश्वासनमा परेर उनी गत अक्टोबरमा सन्नी कुमारको सम्पर्कमा पुगेका थिए ।

सन्नी कुमारले अमेरिका जान ४५ लाख भारतीय रुपैयाँ खर्च हुने बताए । उनलाई सबैभन्दा पहिले बाली लैजाने त्यसपछि कुमार र उनका मानिसहरूले मेक्सिको हुँदै अमेरिका पुऱ्याउने योजना सुनाइयो । सुखजिन्दरका अनुसार कुमारले अग्रिम भुक्तानी समेत नलिई आफूलाई बाली जाने टिकट पठाएपछि उनले विश्वास गरे । अक्टोबर २९ मा उनी दिल्लीबाट इन्डोनेशियाको बालीका लागि उडे । तर यही बिन्दुबाट सबै कुरा भयानक मोडमा पुग्यो । सुखजिन्दरका अनुसार उनलाई अज्ञात स्थानमा २३ दिनसम्म बन्धक बनाएर राखिएको थियो । 'मलाई यति धेरै कुटियो कि मैले मेरो परिवारलाई ढाँट्न सहमत हुनुको कुनै विकल्प रहेन,' उनले सुनाए । गिरोहका एजेन्टलाई ४० लाख बुझाएपछि उनलाई आफ्नो देश फर्कन दिइयो ।

**भारतमा ठगीको शृङ्खला**

अमेरिका जान भारतीयहरूले अनेक प्रयास गर्ने क्रममा कतिपय मानव तस्करहरूबाट पीडित पनि हुने गरेका छन् ।

अमेरिकी सरकारको तथ्याङ्क अनुसार सन् २०२० मा १९,८८३ भारतीयहरू गैर कानुनी रूपमा अमेरिका प्रवेश गर्ने क्रममा पक्राउ परेका थिए । यो सङ्ख्या सन् २०२१ मा बढेर ३०,६६२ र सन् २०२२ मा थप बढेर ६३,९२७ पुगेको थियो ।

विज्ञहरूका अनुसार कतिपय क्यानडाको बाटो हुँदै र केही मेक्सिकोको बाटो हुँदै अमेरिका प्रवेश गर्ने प्रयास गर्छन् । मानव तस्करहरूले उनीहरूलाई सीमा पार गर्ने जोखिमपूर्ण यात्रा गराउँछन् । कतिपयले यस्तो यात्राका क्रममा ज्यान समेत गुमाउने गरेका छन् ।

गत साता मात्रै भारतको एउटै परिवारका चार जनाको शव अमेरिका र क्यानडाबीचको सीमामा एउटा खोलाको दलदलमा भेटिएको थियो । सन् २०२० को ज्यानुअरिमा पनि अर्को परिवारका चार जनाको शव सीमा नजिक चिसोले जमेको अवस्थामा भेटिएको थियो । त्यसअघि सन् २०१९ मा मेक्सिको हुँदै आफ्नी आमासँग गैर कानुनी रूपमा अमेरिका प्रवेश गरेकी पञ्जावकी एक जना छ वर्षीय बालिकाको मृत्युपछि भारतमा आक्रोश पैदा भएको थियो ।

**'आफ्नै जीवन बचाउन पनि पैसा तिर्नुपऱ्यो'**

पञ्जावका एक जना अर्थशास्त्री रञ्जित सिंह घुमानका अनुसार राज्यमा रोजगारीको अभाव भयावह अवस्थामा छ ।

भारतको आर्थिक सर्वेक्षणका अनुसार सन् २०२१ र २०२२ मा बेरोजगारीको दर ७.२ प्रतिशत छ । 'यहाँका युवाहरू निराश छन् र यो निरस जीवनबाट उन्मुक्ति चाहन्छन् । त्यस कारण उनीहरू यस्तो जोखिमपूर्ण निर्णय लिन्छन्,' उनले भने । सरकारले नयाँ रोजगारी सिर्जनाका लागि लगानी गर्नुपर्ने उनको धारणा छ । यही गिरोहबाट पीडित भएका अर्का युवा विशाल कुमार आफ्नो हताश अवस्थाका कारण यस्तो कदम चाल्न बाध्य भएको बताउँछन् । उनले कक्षा १० पास गरेपछि पढाइलाई निरन्तरता दिन सकेनन् । त्यसपछि नै आफूलाई जागिरको खोजी गर्नुपर्ने बाध्यता रहेको उनी बताउँछन् । 'जब मैले यो गिरोहबारे सुनेँ मलाई लाग्यो कि म जीवनको यो अवस्थाबाट भागेर अर्को देशमा केही गर्न सफल हुन्छु । तर अन्ततः मैले आफ्नै जीवन बचाउन पनि पैसा तिर्नुपऱ्यो,' उनले सुनाए ।

**पञ्जाव सरकारको अग्रसरता**

पञ्जाव सरकारले गैरकानुनी मानव तस्करी नियन्त्रणका लागि नयाँ कानुनहरू बनाएको छ र नक्कली ट्राभल एजेन्सीहरूलाई नियन्त्रण गर्ने अभियान सञ्चालन गरेको छ । गत फेब्रुअरीमा जालन्धर जिल्लाको प्रशासनले ठगीको आरोपमा हजारौँ आप्रवासन परामर्शदाताहरू, अन्तर ष्ट्रिय टिकट बुकिङ एजेन्टहरू र अङ्ग्रेजी ट्युसन कक्षा सञ्चालकहरूको इजाजत खारेज गरिदिएको थियो ।

घुमान कठोर कानुनी व्यवस्थाका बाबजुद पनि नक्कली एजेन्टहरू यो राज्यमा सक्रिय भइरहेको बताउँछन् । 'कानुनी प्रक्रियाहरू लामो र अप्ठ्यारा हुन्छन् । अधिकांश पीडितहरू किसानहरू र कम पढेलेखेका हुन्छन्,' उनले भने ।

उता तरन तारनमा सुखजिन्दर आफ्नो भविष्यबारे चिन्तित छन् । 'मैले अमेरिकामा जान खेत बेचेर नपुगेको पैसा सापटी लिएको थिएँ । तर अहिले साहुले पैसा फिर्ता मागिरहेको छन् र मलाई के गर्ने थाहा छैन,' उनले भने ।

# अनुयायी मारेको आरोपमा धर्म प्रचारक पक्राउ



**जनकपुरधाम** । एकजना धर्म प्रचारकले आफ्ना अनुयायीहरूलाई मृत्युका बेलासम्म भोकै बस्न दिएको निर्देशन मानेर मानिसहरूको ज्यान गएको विषयमा अनुसन्धान गरिरहेको केन्याको प्रहरीले समुद्री तटीय सहर मलिन्डी नजिकैबाट २१ वटा शवहरू उत्खनन गरेर निकालेको छ । गाडिएको स्थानबाट निकालिएका शवहरूमा बालबालिकाका पनि छन् र प्रहरीले त्यहाँ अन्य थप शव पनि हुनसक्ने अपेक्षा गरेको छ ।

शाकाहोला जङ्गल क्षेत्रमा रहेका चिहानबाट ती शवहरू निकालिएका हुन् । उक्त क्षेत्रबाटै गत साता गुड न्यूज इन्टरन्याशनल चर्चका १५ जना सदस्यलाई उद्धार गरिएको थियो ।

**प्रचारक प्रहरी हिरासतमा**

उक्त धार्मिक अभियानका एकजना प्रचारक पल म्याकेन्जी थेङलाई प्रहरीले हिरासतमा लिएको छ । उनलाई अदालतमा उपस्थित भने गराइसकिएको छैन । केन्याको सरकारी प्रसारक केबीसीले उनलाई एउटा 'सम्प्रदायका नेता' भनेको छ । केबीसीका अनुसार हालसम्म त्यहाँ ५८ वटा चिहानहरू पहिचान गरिएको छ । म्याकेन्जीले आफूले गलत कार्य नगरेको दाबी गरेका छन् तर उनलाई अदालतले जमानतमा छाड्न अस्वीकार गरेको छ । उनले आफ्नो चर्च सन् २०१९ मा नै बन्द गरिसकेको बताएका छन् । उनीमाथि आफ्ना अनुयायीहरूलाई उनले 'जिससलाई भेट्नका लागि' भोकै बस्न उत्प्रेरित गरेको आरोप लागेको छ ।

**जाँच गरिने**

केन्याली दैनिक पत्रिका द स्ट्यान्डर्डले लेखेअनुसार प्याथोलोजिस्टहरूले चिहानबाट निकालिएका शवहरूको डीएनएका नमुनाहरू लिने र उनीहरू भोकका कारण मरेका हुन् वा होइनन् भनेर जाँच गर्नेछन् । प्रहरीले म्याकेन्जीलाई गत १५ अप्रिलमा पक्राउ गरेको थियो । प्रहरीका अनुसार चारजना मानिसहरूले आफूलाई भोकै राखेर आफ्नो ज्यान लिएको आशङ्का गरिएपछि त्यसमा संलग्न भएको आरोपमा म्याकेन्जीलाई हिरासतमा लिइएको थियो । मलिन्डी सोसिअल जस्टिस सेन्टरका भिक्टर कडोले सिटिजन टीभीसँग भने, 'हामी त्यो जङ्गलमा पुगेका बेला त्यहाँ एउटा ठूलो र अग्लो क्रस भएको क्षेत्रमा पुग्यौँ ।

त्यसबाट हामीलाई त्यहाँ पाँच जनाभन्दा बढी मानिसहरू गाडिएका छन् भन्ने थाहा भयो ।' द स्ट्यान्डर्डले जनाए अनुसार ती प्रचारकले तीनवटा गाउँहरूलाई नाजरथ, बेथ्लेहाम र जुडिया नाम दिएका थिए ।

त्यसपछि उनले अनुयायीहरूलाई उपवास बस्न निर्देशन दिनुअघि एउटा सानो पोखरीमा ब्याप्टाइज गरेका थिए । केन्या एउटा धार्मिक प्रकृतिको देश हो र त्यहाँ विगतमा पनि मानिसहरूलाई खतरनाक र अनियमित गिर्जाघर वा धार्मिक पन्थहरूले प्रलोभनमा परेका कैयौँ घटनाहरू रहेका छन् ।

# हरिपुर्वामा वडाध्यक्षहरुकै तालाबन्दी



**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
सर्लाहीको हरिपुर्वा नगरपालिका नगर प्रमुख, प्रशासकीय प्रमुख र लेखा कार्यालयमा झण्डै एक महिनादेखि ताल्चा लागेको छ। तालाबन्दीका कारण नगरको प्रशासनिकसहित विकास निर्माणका सम्पूर्ण कार्य पूर्णरुपमा ठप्प भएको छ।

वडाध्यक्षहरुले दुर्व्यवहार गरेको कारण प्रशासकीय प्रमुख बसन्त न्यौपाने सरुवा गराएर गइसकेका छन् । हरिपुर्वा नगरपालिकाका नगरप्रमुख विनोद साहले प्रमुख प्रशासकीय अधिकृत न्यौपानेसँग मिलोमतो गरी आफ्ना नजिकका मान्छेलाई कर्मचारी नियुक्ति गरेको सहित भ्रष्टाचारको आरोप लगाउँदै नगरपालिकाका ९ मध्ये ४ वडाध्यक्षले तालाबन्दी गर्दै आन्दोलन गरेका हुन्।

नगरपालिकाको वडा नम्बर २, ३, ६ र ७ का वडाध्यक्षसहितका जनप्रतिनिधिले विभिन्न राजनीतिक दलको सहयोगमा चैत १५ गते तालाबन्दी गरी संघर्ष समिति गठन गरेर आन्दोलन गरेका हुन्। आन्दोलनमा सहभागी हुने वडाध्यक्षहरुमा २ का दिनेश यादव, ३ का प्रमोद राय यादव, ६ रामस्वागराथ राय यादव र ७ का उमेश यादव छन्।

मेयर साहले कर्मचारी नियुक्ति र आफू अनुकुल बजेट नदिँदा आन्दोलरत पक्षको असन्तुष्टि रहेको बताउँछन् । उनले भने, ‘कार्यपालिकाबाट कार्यविधि बनाएर कार्यालय सहयोगी, ड्राइभर र स्वीपर सहितका ३० कर्मचारी भर्ना गर्‍यौं, अब केही वडाध्यक्षले तिनीहरुलाई हाजिर हुन नदिइ आफ्नो मान्छे राख्न भनेर विवाद गर्दै आएका छन् ।’ एक महिनासम्म नयाँ अधिकृत नै किन नआएको बारे मेयर साहले भने, ‘हामी एक महिनादेखि संघीय मामिला मन्त्रालयमा धाइरहेका छौं, कुनै अधिकृत आउनै मानिरहेका छैनन्।’

# घरदैलो अभियानमा ३५ बालबालिका भर्ना




**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
विद्यार्थी भर्ना अभियान अन्तर्गत सोमबार पटेर्वासुगौली गाउँपालिकामा घरदैलो कार्यक्रम भएको छ । गादिमाई आधार भूत विद्यालयको आयोजनामा सम्पन्न घरदैलो कार्यक्रममा पटेर्वासुगौली गाउँपालिका वडा नम्बर ३ पश्चिम देकुलीमा घरदैलोमै पुगेर विद्यालयको पहुँच बाहिर रहेका ३५ बालबालिकालाई भर्ना गरिएको विद्यालय व्यवस्थापन समिति अध्यक्ष निलमदेवी चौधरीले बताइन् । ‘समयमै भर्ना, समयमै ज्ञान, गुणस्तरीय शिक्षा, सबैको अभियान’ भने नाराका साथ घरदैलो कार्यक्रम गरिएको थियो । विशेषगरी गरिबीका कारण विद्यालय पढने उमेरका बालबालिका गाईबस्तु, बाख्रा चराउने, घाँस काट्न जाने, खेतमा काम गर्ने र आर्थिक विपन्नताका कारण विद्यालय नजाने समस्या देखिएपछि घरदैलोमै पुगेर अभिभावकलाई निःशुल्करुपमा बालबालिकाको पठनपाठन राज्यले गर्दै आएको भन्दै विद्यालयमा पठाउन अभिप्रेरित गराइएको विद्यालयकी सहायक प्रधानाध्यापक चन्द्रकली देवीले बताइन्। कार्यक्रमलाई सम्बोधन गर्दै पटेर्वासुगौली गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देश कुमार यादवले बालबालिकालाई शिक्षाको पहुँचमा पुर्‍याउन अभिभावक नै जिम्मेवार हुनुपर्ने बताए । घरदैलोमा स्थानीय अभिभावक रामआशिस ओझैया, हरेन्द्र राम, वडासदस्य रोवनी देवी, हैदर अलि अन्सारी, शिक्षक उमाकान्त दास, कन्चन चौधरीलगायतको सहभागिता थियो।

# मनाइयो १७ औं लोकतन्त्र दिवस




**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
सोमबार १७ औं लोकतन्त्र दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ। २०६३ वैशाख ११ गते तत्कालीन राजा ज्ञानेन्द्रले आन्दोलनरत दलको मार्गचित्र बमोजिम २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनःथापना गरेकाले नागरिकको जित भएको खुसियालीमा २०६४ देखि देशभर लोकतन्त्र दिवस मनाउन थालिएको हो।

२०६१ साल माघ १९ गते तत्कालीन राजा ज्ञानेन्द्रले शासनसत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन नेकपा माओवादीबीच१२बुँदेसमझदारी भएको थियो । २०६२ साल मंसिरमा १२ बुँदे समझदारी भएपछि जनआन्दोलनले गति लिएको थियो । आन्दोलनरत दलले गरेकै मस्यौदाका आधारमा ज्ञानेन्द्र शाहले वैशाख ११ गते राति संसद् पुनःथापनाको घोषणा गरे।

२०६३ जेठ ४ गतेको संसद्ले राजाको अधिकार कटौती गर्न सफल भयो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याएर संविधानसभाको चुनाव गर्ने सङ्कल्प प्रस्ताव पारित गरेको थियो । यसैको जगमा २०६४ चैत २८ गते पहिलो संविधानसभा चुनाव भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २ सय ४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गर्‍यो।

२०७० मङ्सिर ४ गते दोस्रो संविधानसभा चुनावबाट निर्वाचित सभाले २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी गरेको थियो । अहिले सङ्घीय, प्रादेशिक र पालिका सरकारले शासन सञ्चालन गरेका छन्।

यो परिवर्तनको मुख्य जग वैशाख ११ गतेलाई लोकतन्त्र दिवसका रुपमा मनाउने गरिएको छ । तर लोकतन्त्रको उपलब्धी महत्वपूर्ण रहे पनि नागरिकमा निराशा र असन्तुष्टि बढेको छ। दलहरु नागरिकको समस्या समाधानमा भन्दा पनि सत्ता स्वार्थमा केन्द्रित भएको आरोप लाग्दै आएको छ । पालिका सरकारको काम प्रभावकारी देखिए पनि प्रदेशहरुमा सरकार ढाल्ने र बनाउने काम मात्रै भइरहेको भन्दै गुनासो बढेको छ।

## लोकतन्त्र दिवसमा अन्तरक्रिया

१७ औं लोकतन्त्र दिवसको अवसरमा सोमबार वीरगंजमा स्वतन्त्र मानवअधिकार समाजले जनजाति कल्याण आश्रम नेपालद्वारा सञ्चालित आमाको माया छात्राबासका विद्यार्थीलाई फलफूल, खाजा तथा मिठाई वितरण गरेको छ।

पर्साका सहायक प्रमुख जिल्ला अधिकारी भीमकान्त पौडेलले लोकतन्त्र दिवसको अवसर पारी अनाथलाई सहयोग हस्तान्तरण गर्न पाउँदा खुशी लागेको बताए । उनले लोकतन्त्र मजबुत बनाउन समाजमा रहेका विपन्न वर्गलाई सम्पन्न बनाउनेतर्फ सबै लाग्नु पर्ने बताए।

कार्यक्रममा वक्ताहरुले राजतन्त्र अन्त्य गरी लोकतन्त्र प्राप्त भएको दिनलाई राज्य तथा राजनीतिक दलले बिर्सिएको भन्दै आक्रोश व्यक्त गरे । स्वतन्त्र मानवअधिकार समाजका केन्द्रीय अध्यक्ष कृष्णकुमार खनालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वीरगंज महानगरपालिका वडा नम्बर ५ का अध्यक्ष प्रदीप चौरसिया, वडा नम्बर १७ का अध्यक्ष सन्जु छत्कुली, जनजाति कल्याण आश्रम नेपालका केन्द्रीय अध्यक्ष एवम् रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुंगटा, आमाको माया छात्राबासका अध्यक्ष भवरलाल पारिक, समाजका केन्द्रीय सल्लाहकार प्रमोद सर्राफ, नेपाल पत्रकार महासंघ मधेश प्रदेशका महासचिव श्याम बन्जारा, जिल्ला उपाध्यक्ष युवराज खड्का, जनमत पार्टी पर्साका संयोजक ओमप्रकाश सर्राफलगायतका वक्ताले मन्तव्य व्यक्त गरेका थिए।

कार्यक्रममा समाजका महासचिव दीपक साह कानुले स्वागत मन्तव्य व्यक्त गरेका थिए भने उपाध्यक्ष नन्दी यादव, हरेन्द्र पटेल, उर्मिला कुशवाहालगायतको उपस्थिति थियो। कार्यक्रमको सहजीकरण समाजका संस्थापक महासचिव ध्रुव अधिकारीले गरेका थिए।

# चौतर्फी विरोधपछि ठेक्का रद्द

**मधेशदृष्टि**
**जनकपुरधाम, ११ वैशाख ।**
चौतर्फी विरोधपछि धनुषाको बटेश्वर गाउँपालिकाले पालिकाभित्रको नदीजन्य पदार्थ उत्खननको ठेक्का प्रक्रिया रद्द गरेको छ।

वैशाख ७ गते बसेको गाउँ कार्यपालिका बैठकले ठेक्का प्रक्रिया रद्द गर्ने निर्णय भएको प्रमुख प्रशासकीय अधिकृत सन्तोष शर्माले जानकारी दिए । फागुन १५ गते गाउँपालिकाले विद्युतीय बोलपत्रमार्फत नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा उत्खनन् संकलन तथा बिक्री वितरण गर्न सुखजोर खोला, औहरी खोला र बडहरी खोलासम्बन्धी बोलपत्रको सूचना प्रकाशन गरेको थियो।

‘आमजनसमुदायबाट दबाब तथा डेलिगेसन आएपछि कार्यपालिका बैठकले नदीजन्य पदार्थको उत्खनन ठेक्का रद्द गर्ने निर्णय भएको छ,’ प्रमुख प्रशासकीय अधिकृत शर्माले भने। गाउँपालिका कार्यालयले ८ गते सूचना प्रकाशित गरी ठेक्का रद्द भएको जानकारी गराएको छ।




जथाभावी खोला उत्खननूले गाउँ बाढीको जोखिममा खेतीयोग्य जग्गा मासिने तथा पर्ने सम्भावना रहेको भन्दै त्यस्तो कार्य नगर्न स्थानीयले सम्बन्धित पक्षसँग माग गरेका थिए।

# चार विद्यालयमा अंग्रेजीमा पठनपाठन

*‘वीरगंज महानगरले नयाँ शैक्षिक सत्रदेखि त्रिजुद्ध मावि, नृसिंह मावि, माइस्थान विद्यापीठ मावि र सिद्धार्थ माविमा पूर्णरुपमा अंग्रेजी माध्यममा पठनपाठन गर्न लागेको हो’*



**मधेशदृष्टि**
**वीरगंज, ११ वैशाख ।**
वीरगंज महानगरपालिकाले ४ वटा सामुदायिक विद्यालयमा पूर्णरुपमा अंग्रेजी माध्यमबाट पठनपाठन सुरु गरेको छ । महानगरले नयाँ शैक्षिक सत्रबाट त्रिजुद्ध मावि, नृसिंह मावि, माइस्थान विद्यापीठ मावि र सिद्धार्थ माविमा पूर्णरुपमा अंग्रेजी माध्यममा पढाउन सुरु गरेको हो।

पूर्णरुपमा अंग्रेजी माध्यममा पठनपाठन सुरु गर्न लागेको त्रिजुद्धले सोमबार कक्षा ५ देखि ९ सम्म अध्ययन गर्ने विद्यार्थीका लागि प्रवेश परीक्षासमेत लिएको छ । अंग्रेजी माध्यममा पठनपाठन सुरु हुनलागेका विद्यालयमा विद्यार्थीको चाप बढी हुँदा प्रवेश परीक्षा लिइएको विद्यालयका प्रधानाध्यापक नवीन कुमार मिश्रले जानकारी दिए।

कक्षा ५ देखि ९ सम्म अध्ययनका लागि ३ हजार भन्दा बढी विद्यार्थीले प्रवेश परीक्षामा सहभागिता जनाएको प्रधानाध्यापक मिश्रले बताए । सोमबार प्रवेश परीक्षा लिएका विद्यार्थीको नतिजा बिहीबार प्रकाशित गरिने वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरबिन्दलाल कर्णले बताए। पहिले अंग्रेजी माध्यममा शुल्क लिएर अध्यापन गराउँदै आएकामा विद्यार्थीबीचमै विभेद भएपछि महानगरले विभेद हटाउन पूर्णरुपमा निःशुल्क अंग्रेजी माध्यममा मात्रै अध्यापन गराउन लागेको हो। पूर्णरुपमा अंग्रेजी माध्यममा पढाउन लागिएका ४ विद्यालयसहित विगतमा वीरगंजमा सुरजीदेवी र त्रिभुवन हनुमान माविले पनि अंग्रेजी माध्यममा कक्षा सञ्चालन गर्दै आएकामा यसपटक सबै कक्षा निःशुल्क गरी ४ वटा विद्यालयलाई मात्रै पूर्णरुपमा अंग्रेजी माध्यमबाट पठनपाठन गराउन सुरुवात गरिएको वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख कर्णले बताए।शुल्क लिएर अंग्रेजी माध्यममा पढाउँदा कतिपय विद्यालयमा व्यवस्थापन समितिसँग विवाद देखिएको थियो भने केही विद्यालयको पारदर्शितामा प्रश्न उठेको थियो । सामुदायिक विद्यालयका प्रधानाध्यापकले बोर्डिङ चलाएको भन्दै सरोकारवालाले विरोध गर्दै आएका थिए । महानगरको नेतृत्व परिवर्तन भएसँगै सामुदायिक विद्यालयमा विभेदरहित शिक्षा प्रदान गर्न मेयर राजेशमान सिंहले पहल थालेका हुन् । पटकपटकको छलफल र विज्ञसँगको रायपछि पहिलो चरणमा ४ वटा विद्यालयबाट पूर्णरुपमा अंग्रेजी माध्यममा पठनपाठनको सुरुवात गरिएको नगर प्रमुख सिंहले बताए।

नेपालीमा अध्ययन गर्न चाहनेका लागि पूर्णरुपमा अंग्रेजी लागू भएका ४ वटाबाहेकका अन्य विद्यालयमा व्यवस्था मिलाइएको पनि उनलेले बताए । वीरगंज महानगर क्षेत्रभित्र ९१ सामुदायिक विद्यालय सञ्चालनमा छन्।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका–१५, दर्ता नं. ३११–०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.–२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन